का.जि.प्र.का.द.नं. १००/०५९/६०
३१ चैत २०८१,
आइतबार
13 April, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

संकल्प नयाँ वर्ष विशेष थप ८ पृष्ठ

वर्ष २३, अंक ७० । पृष्ठ ८+८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# सत्तापक्षकै घेराबन्दीमा सरकार

## ७ बुँदे सहमतिअनुसार सरकारले काम गर्न नसकेको मुख्य सहयात्री कांग्रेसको टिप्पणी



सत्तामा बसेका पुराना दलहरूप्रति नागरिकको नजर असाध्यै नकारात्मक छ, यो अवस्थामा स्थायित्वका लागि बनेको कांग्रेस-एमाले सरकारले जनतालाई केही आश्वस्त पार्ने काम गरेर देखाउनुपर्थ्यो, तर प्रधानमन्त्रीको उटपट्याङ शैली उस्तै छ

**ध्रुवहरि अधिकारी**
राजनीतिक विश्लेषक

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३० चैत ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको वर्तमान सरकारलाई प्रतिपक्षी दलहरूले खबरदारी गरिरहँदा सत्ताको मुख्य साझेदार दल नेपाली कांग्रेससमेत चुनौती बनेर उभिएको छ ।

ईपेपर हेर्न

गत १७ असारको मध्यरातमा भएको कांग्रेस-एमालेबीचको ७ बुँदे सहमतिअनुसार सरकारले काम गर्न नसकेपछि कांग्रेसका अधिकांश नेताहरू खुलेर सरकारको आलोचनामा उत्रिएसँगै सरकारमाथि चुनौती थपिएको हो ।

संसद्का पहिलो र दोस्रो दल नेपाली कांग्रेस-नेकपा एमालेबीच संविधान संशोधन, सुशासन, नागरिकमैत्री सेवा प्रवाह, अर्थतन्त्रमा गतिशीलता, अलपत्र पूर्वाधार निर्माणलाई निरन्तरता, मौलिक हक र लैंगिक समानता, गरिबी हटाउने, संक्रमणकालीन न्यायका बाँकी काम टुंग्याउनेलगायत योजना थिए ।

कांग्रेस-एमाले सरकारको न्यूनतम साझा कार्यक्रम बनाउन गठन गरिएको कार्यदलका एक सदस्य कांग्रेस महामन्त्री गगन थापाले उक्त विषयलाई जोड दिँदै सरकारले साझा नीति कार्यक्रम बनाउन भने पनि प्रधानमन्त्री केपी शर्मा ओली नै यो विषयमा सचेत नभएको टिप्पणी गरे ।

शनिबार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले समेत सरकारको कार्यसम्पादनप्रति असन्तुष्टि पोखे । सरकारको कामप्रति असन्तुष्टि जनाउँदै कांग्रेस नेता डा. शेखर कोइरालाले गरेको टिप्पणीलाई सदर गर्दै देउवाले सरकारले सुशासन दिन नसकेको स्वीकार गरेका छन् । नेता कोइरालाले केपी ओली नेतृत्वको सरकारबारे >>> पृष्ठ २ मा

# वीरगन्जमा कर्फ्यू

**मध्यान्ह संवाददाता**
वीरगन्ज, ३० चैत ।

हनुमान जयन्ती अवसरमा निकालिएको शोभायात्रामा ढुंगामुढा हुँदा भएको झडप नियन्त्रणबाहिर गएपछि स्थानीय प्रशासनले वीरगन्जमा कर्फ्यु लगाएको छ ।

पर्साका प्रहरी उपरीक्षक गौतम मिश्रका अनुसार शोभायात्राका क्रममा एक समूहले ढुंगामुढा गरेपछि झडप भएको थियो । स्थितिलाई नियन्त्रणमा लिन जिल्ला प्रशासन कार्यालय पर्साले शनिबार साढे ६ बजेदेखि सोमबार मध्याह्न १२ बजेसम्मका लागि वीरगन्जको मुख्य बजार क्षेत्रमा कर्फ्यु आदेश जारी गरेको हो ।

पर्साका प्रमुख जिल्ला अधिकारी गणेश




अर्यालका अनुसार पूर्वमा वीरगन्ज- १५ मा रहेको भेडियाही चोक, पश्चिममा वीरगन्ज- २५ को सिर्सिया चोक, उत्तरमा वीगरन्ज- १४ को गण्डक चोक र दक्षिणमा वीरगन्ज- १६ को शंकराचार्य चोकसम्म कर्फ्यु लगाइएको हो ।

प्रत्येक वर्षझैं हनुमान जयन्तीको शोभायात्राका क्रममा वीरगन्ज घन्टाघरदेखि दक्षिणतर्फ गएर फर्किने क्रममा छपकैया- ३ मा रहेको श्रीराम हल चोक नजिक अज्ञात समूहबाट ढुंगामुढा भएपछि तनाव सिर्जना भएको थियो ।

ढुंगामुढा भएपछि प्रहरीले स्थिति नियन्त्रणमा लिन २ दर्जन अश्रुग्यास प्रहार गरेको थियो । घटनामा २ प्रहरी निरीक्षक र केही स्थानीय पनि घाइते भएका छन् । प्रहरीका अनुसार शोभायात्रामा हिँडेकाहरूलाई >>> पृष्ठ २ मा

**VACANCY ANNOUNCEMENT**

A Reputed Foreign Employment Agency is looking for suitable candidates for the given post.

**Mailroom Clerk - 1**
**Receptionist - 1**

**Requirements:**
- Relevant experience is an advantage (but not always required).
- Good communication and interpersonal skills.
- Willingness to learn and work as part of a team.
- Fluency in English Speaking and Writing.
- Experience – Min. 3 years in related field.

**Job Type:** Full Time
**Salary:** Based on experience.

**GOOD WILL INTERNATIONAL PVT. LTD.**
Bashundhara Chowk, Kathmandu, Nepal
Phone : 9801091124
Website : goodwillnepal@gmail.com
Email : goodwillintlhr@gmail.com
Govt. Lic. No. 955/067/068

## वैदेशिक रोजगार विशेष

# नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा गुरुङ प्यानल विजयी

**काठमाडौं/मस**-नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्षमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन प्यानलका अध्यक्षका उम्मेदवार भुवनसिंह गुरुङ विजयी भएका छन् । गुरुङ म्यानेजमेन्ट प्रालिका संचालक गुरूङ संघको पूर्व द्वितीय उपाध्यक्ष भइसकेका व्यवसायी हुन् ।



अध्यक्षमा विजयी गुरूङले संघलाई निश्चित समूहको स्वार्थपूर्तिको माध्यम बन्नबाट रोकेर आम व्यवसायीको हकहितमा लगाउने प्रतिक्रिया दिए ।

लोकतान्त्रिक एसोसिएसन र वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चसँग तालमेलका आधारमा बनेको प्यानलबाट अध्यक्ष गुरूङले ४२८ मत पाउँदा उनका प्रतिस्पर्धी प्रगतिशील वैदेशिक रोजगार >>> पृष्ठ २ मा

### संघको निर्वाचनले दिएको सन्देश

**काठमाडौं/मस**-नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ३० औं तथा ३१ औं साधारणसभा वैदेशिक रोजगार व्यवसायीहरूका लागि हजारौं कोण छोडेर बिदा भएको छ । आगामी २ वर्षे कार्यकालका लागि ७ पदाधिकारी र १० सदस्यसहित १७ जना व्यवसायी निर्वाचित गरेर सम्पन्न भएको संघको साधारणसभा महिनौंदेखि तयारीमा रहेकाहरूलाई बाहेक धेरैलाई आश्चर्यजनक रह्यो । यसपटक अन्तिम अवस्थासम्म साँगुरो मतान्तरले >>> पृष्ठ २ मा

हार्दिक बधाई तथा शुभकामना



नेपाल वैदेशिक रोजगार व्यवसायी संघको यही चैत २९ गते सम्पन्न निर्वाचनबाट विजयी हुनुभएका **अध्यक्ष भुवनसिंह गुरुङ**, **प्रथम उपाध्यक्ष सुजित कुमार श्रेष्ठ**, **द्वितीय उपाध्यक्ष देवकुमार खोखाली**, **तृतीय उपाध्यक्ष बैकुण्ठ पौडेल वैभव**, **महासचिव महेशकुमार बस्नेत**, **सचिव कुन्छा दोर्जे डिमडोङ** र **कोषाध्यक्ष धनु सिंजाली** तथा **कार्यसमिति सदस्यहरु** रेखा शर्मा, कृष्ण ढकाल, भरत सापकोटा, राज लामा तामाङ, सुवर्ण लामा, हिमा गुरुङ, रमा खड्का, देवीप्रसाद गिरी, विद्यालक्ष्मी बज्राचार्य र सुमनराज पाण्डेलाई **हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको शुभकामना** व्यक्त गर्दछौं ।

**प्रतिमा महर्जन**
अध्यक्ष

तथा

**हिरादेवी बुढाथोकी**
महासचिव

**नेपाल वैदेशिक रोजगार महिला व्यवसायी संघ परिवार**
काठमाडौं, नेपाल

**हार्दिक शुभकामना**

बसन्त ऋतुको आगमनसँगै
नवीन उल्लास एवम् आशा लिएर आउने
**नयाँ वर्ष २०८२** को
उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका
साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण
नेपालीहरुमा सुख, शान्ति सुस्वास्थ्य,
दीर्घायू, भातृत्व एकता एवम् समृद्धिको
**हार्दिक शुभकामना**
व्यक्त गर्दछौं ।

**बाबुलाल मगर (नरेन्द्र)**
**सञ्चालक तथा प्रवन्ध निर्देशक**
**एवं**

The Global Recruitment Agency Pvt. Ltd.
**द ग्लोबल रिक्रुटमेण्ट एजेन्सी प्रा.लि., परिवार**
महाराजगंज चक्रपथ, धारापाटी, काठमाडौं, नेपाल, फोन: ०१-४३६५२६४, ४३६५९८३

# ‘शान्ति प्रक्रियालाई टुंग्याउन संवेदनशील भएर जिम्मेवारी पूरा गरौँ’

**काठमाडौं/मस-** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले अन्तिम अवस्थामा पुगेको शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउन सरोकार भएकाहरूले संवदेनशील भएर आ-आफ्नो जिम्मेवारी पूरा गर्नुपर्नेमा जोड दिएका छन्।

संविधानसभा सदस्य एवं वरिष्ठ अधिवक्ता खिमलाल देवकोटाद्वारा लिखित ‘संक्रमणकालीन न्याय’ सम्बन्धी पुस्तकको शनिबार विमोचन गर्दै उनले शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन नसकेको खण्डमा फेरि समाजमा द्वन्द्व निम्तन सक्ने खतरा औँल्याए।

संक्रमणकालीन न्यायसँग सम्बन्धित विषयलाई राष्ट्रिय सहमतिबाटै टुंग्याउनुपर्छ भनेर पहलकदमी लिइरहेको जनाउँदै अध्यक्ष दाहालले बहुमतबाट टुंग्याउने प्रस्ताव रोकेर आफूले राष्ट्रिय सहमतिको प्रयास गरेको दाबी गरे। ‘संक्रमणकालीन न्यायसँग सम्बन्धित बाँकी काम बहुमतबाट टुंग्याउने कुरा राष्ट्रिय सहमतिबाटै हुनुपर्छ, बहुमतबाट गऱ्यौँ भने शान्ति प्रक्रिया पनि विभाजित हुन्छ, फेरि द्वन्द्वको बिजारोपण हुन्छ। त्यसकारण यसो गर्न हुँदैन भनेर अडान लिएको मैले नै हो’, उनले भने।



अध्यक्ष दाहालले शान्ति प्रक्रियाजस्तो संवदेनशील विषय बहुमत र अल्पमतका आधारमा टुंग्याउन नहुने अडानकै कारण संघीय संसद्को दुवै सदनबाट सर्वसम्मत रूपमा संक्रमणकालीन न्यायसम्बन्धी कानुन तर्जुमा भएको बताए।

जनयुद्धको मुख्य नेतृत्वकर्ता माओवादी द्वन्द्वकालीन गम्भीर प्रकृतिको घटनामा आममाफीको पक्षमा थियो भनेर प्रचार गर्न खोजिए पनि त्यो सत्य नभएको उनको भनाइ थियो। ‘आममाफी हुनु हुँदैन, गम्भीर प्रकृतिका मानवअधिकारका घटनाको छानबिन हुनुपर्छ, दोषीमाथि कारबाही गरेर मात्रै शान्ति प्रक्रिया दिगो हुनसक्छ’, अध्यक्ष दाहालले भने। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपमहासचिव प्रदीप ज्ञवालीले शान्ति प्रक्रियाअन्तर्गत माओवादी लडाकु समायोजन र हतियार व्यवस्थापन सम्पन्न भए पनि सङ्क्रमणकालीन न्यायलाई टुंग्याउन नसक्दा उपलब्धि ओझेलमा परेका बताए। उनले द्वन्द्वमा परेर पीडित बनेका नागरिकको समस्यालाई आफ्नै सम्झेर व्यवहार गर्न नसक्दा संक्रमणकालीन न्यायमा ढिलाइ भएको यथार्थलाई सबैले स्वीकार गर्नुपर्ने धारणा राखे। ‘वर्तमान सरकार संक्रमणकालीन न्यायका विषयलाई टुंग्याउन संवेदनशील छ, यससम्बन्धी विशेष सल्लाहकार राखेरै काम भइरहेको छ’, उपमहासचिव ज्ञवालीले भने, ‘सर्वसम्मत रूपमा कानुन बनेको छ, न्याय र परिपूरणको ढोका खोल्ने कानुनी आधार निर्माण भएको छ। संक्रमणकालीन न्यायको मर्म बुझेको व्यक्ति आयोगमा ल्याउन सबैले सहयोग गरौँ। यसले थप सहज हुनेछ।’

वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले शान्ति सम्झौताको मर्मलाई बिर्सेर संक्रमणकालीन न्याय टुंगिन नसक्नेमा भन्दै राष्ट्रिय/अन्तर ाष्ट्रिय समझदारीबाट यसलाई निष्कर्षमा पुऱ्याउनुपर्नेमा जोड दिए। ‘सशस्त्र युद्धलाई शान्तिमा रूपान्तरण गर्न धेरै काम भएका छन्, अब शान्ति सम्झौताका बाँकी काम टुंग्याउनुपर्छ। यो राष्ट्रिय मुद्दा हो, राजनीतिक फेरबदलले असर गर्नुहुँदैन’, उनले भने।

संविधासभा सदस्य अधिकारीले द्वन्द्वकालीन घटनामा सत्यको अन्वेषण, परिपूरण, अब युद्ध नगर्ने वचनबद्धताको पालाना र गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका घटनामा संलग्नलाई कारबाही गरेर जानुपर्ने बताए।

माओवादी नेत्री देवी खड्काले संक्रमणकालीन न्यायको विषयलाई ठीक ढंगले बुझ्नुपर्ने र सत्यलाई स्वीकार गरेर उठेका विषयमा सम्बोधन गरिनुपर्ने बताइन्।

पूर्वरथी चित्रबहादुर गुरुङले संक्रमणकलीन न्यायलाई निष्कर्षमा पुऱ्याउन सबै पक्ष संवेदनशील हुनुपर्नेमा जोड दिए। पुस्तकका लेखक देवकोटाले शान्ति प्रक्रियाका बाँकी कामलाई टुंगोमा पुऱ्याउन मार्गचित्र बनोस् भन्ने उद्देश्यले पुस्तक तयार गरेको जानकारी दिए।

‘इतिहास पनि नमेटियोस्, अन्तरराष्ट्रिय अनुभव पनि लिपिबद्ध होस्। अब कसरी जानुपर्छ भन्ने दिशानिर्देशन गर्न सकियोस् भनेर पुस्तक लेखेको हुँ’, उनले भने। छ खण्डमा समेटिएको पुस्तकमा नेपालमा सङ्क्रमणकालीन न्याय यात्रा, संक्रमणकालीन न्यायको विभिन्न पाटो, अन्तरराष्ट्रिय अभ्यास, संक्रमणकालीन न्याय: यात्रा वृत्तान्त, नेपालको शान्ति प्रक्रियाको आगामी बाटो र केही लेखहरू समेटिएका छन्।

# एकीकृत समाजवादीद्वारा स्थानीय समस्या समाधानमा केन्द्रित हुन निर्देशन

**काठमाडौं/मस-**नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले आफ्ना मातहतका सबै कमिटीलाई सम्बन्धित प्रदेश/जिल्ला/पालिकामा बहुसंख्यक जनताले भोगिरहेका मुख्य समस्या समाधानमा केन्द्रित हुन निर्देशन दिएको छ।

पार्टी संगठनलाई जनताप्रति जवाफदेही तथा थप उत्तरदायी बनाउन, समस्या समाधानका लागि पहल गर्न नेताहरूलाई जिम्मेवारी दिइएको हो। पछिल्लो समय राजनीतिक दलप्रति जनताको विश्वास र भरोसा घट्दै गइरहेको अवस्थामा सामाजिक, प्रशासनिक, राजनीतिक कार्यमा जनतालाई सुसूचित गर्दै सहजताका लागि विभिन्न समुदाय र वर्गका मुख्य समस्या समाधान गर्ने कार्यमा कमिटीलाई अग्रसर हुन




भनिएको केन्द्रीय प्रचार विभाग उपप्रमुख दामोदर अर्यालले जानकारी दिए।

उनका अनुसार प्रदेश, जिल्ला, पालिकाले गरेका गलत निर्णय तथा ती निकायको विकासका लागि आवश्यक मुद्दाहरू कमिटीले उठाउने, त्यसलाई केन्द्रमा जानकारी गराउने र केन्द्रले सम्बन्धित मन्त्रालयसँग समन्वय गरी समाधान खोजिनेछ। विकसित राजनीतिक घटनाक्रमलाई दृष्टिगत गरेर पार्टीले जनतामाथि विभेद र शोषणका रूपहरू, सरकारी कार्यालयहरूमा भए/गरेका भ्रष्टाचारका रूपहरूको भण्डाफोर अभियान सञ्चालन गरेको छ।

अभियानअन्तर्गत सरकारलाई जिल्ला प्रशासन कार्यालयमार्फत मागपत्र बुझाएको जनाइएको छ।

## सत्तापक्षीकै....

उठाएको प्रश्नमा आफू सचेत रहेको सभापति देउवाले बताए। कोइरालालगत्तै बोलेका देउवाले भने, ‘अघि शेखर कोइरालाले भनिसक्नुभयो, सरकारका नाममा अहिले धेरै ठूलो बदनामी भइरहेको छ। यो नहोस् भनिसक्नुभयो।’

देउवाभन्दा पहिला बोलेका कोइरालाले संविधान पुनरावलोकन, सुशासन कायम गर्न र भ्रष्टाचार नियन्त्रण गर्न नसके जनता अझै आक्रोशित हुने भन्दै नेता कोइरालाले दण्डहीनता दिन प्रतिदिन बढिरहेको बताएका थिए। ‘नेपाली कांग्रेस सम्मिलित यो सरकारमा हामी पनि छौं’, कोइरालाले भने, ‘हामी सत्तामा छौं तर सरकारमा छैनौं किनभने हाम्रो प्रतिस्पर्धी कुनै पनि ठाउँमा एमाले हुन्छ। हामी अहिले एमालेसित सहकार्य गरेर अघि बढिरहेका छौं। यसलाई म खराब भनिरहेको छैन तर यो सरकारले कतै गलत, कमीकमजोरी गरिरहेको छ कि भनेर हामीले खबरदारी गरिरहनुपर्छ।’ नेता कोइरालाले खबरदारी नगरे नेपाली कांग्रेस अप्ठ्यारोमा पर्ने बताए।

कांग्रेसको मुख्य सहयोगमा सरकार गठन भएको ९ महिना बितिसक्दासमेत सरकारले प्रभावकारी काम गर्न नसकेको महामन्त्री थापाको दाबी थियो। ‘प्रधानमन्त्री र मन्त्रीहरू काम गर्न छाडेर उद्घाटन र भाषण गर्दै हिँडेका छन्’, उनले भने, ‘अहिलेको सरकारको गति पुगेको छैन। मैले उहाँहरूलाई अनुरोध गरिरहेको छु, तपाईंहरु डुल्ने र घुम्ने गर्न छाडिदिनुस्, तपाईंहरू काम गर्नुस्, तपाईंहरूले गरेको कामको प्रचार हामी देशभरि गर्छौं। तर, प्रधानमन्त्री अहिले डुलेको देख्छु, मन्त्रीहरू घुमेका देख्छु।’

सरकारले ठीक समयमा ठीक ढंगले काम गरेको भए अहिले शिक्षकहरू सडकमा आउनुपर्ने अवस्था नरहने भन्दै महामन्त्री थापाले थपे, ‘हामीले सरकारलाई सहयोग गरिरहेका छौं तर बिँड तातेर मात्र हुँदैन रहेछ, ताप्के तात्नुपर्छ। ताप्के भनेको सरकारको नेतृत्व गरेको प्रधानमन्त्री हो। अहिले शिक्षक साथीहरू सडकमा हुनुहुन्छ। सरकारले ठीक समयमा ठीक ढंगले काम गरेको भए अहिले सडकमा आउनुपर्ने अवस्था नै बन्दैनथ्यो। शिक्षकहरूका माग सम्बोधन गरेर चाँडोभन्दा चाँडो कक्षाकोठामा पठाउनुपर्ने छ।’

उनले पछिल्लो पटक सरकारले गरेको विद्युत् प्राधिकरणबाट कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने निर्णयको समेत विरोध गर्दै आएका छन्। सरकारमा गएका आफ्नै मन्त्रीहरूले गरेका काम ठीक नभएको उनको भनाइ छ।

‘सरकारले एउटा कर्मचारीका बारेमा जुन निर्णय गर्नुपर्दैनथ्यो’, उनले भने, ‘त्यो अनावश्यक निर्णय गरेका कारण पार्टीका साथीहरूले सामाजिक संजालमा, टोल-टोलमा हप्कीदप्की खानुपरेको छ। पार्टीबाट सरकारमा गएका मन्त्रीहरूलाई हामी भनिरहेका छौं, गर्नुपर्ने काम गर, नगर्नुपर्ने काम नगर। तिमीहरूले गरेको कामको प्रचार गरिदिन पाऊँ न!’

महामन्त्री थापाले प्रधानमन्त्रीलाई निरन्तर यस्तै आलोचनात्मक सुझाव दिइरहे पनि प्रधानमन्त्री ओलीले त्यसलाई गहकिलो ढंगले लिएका देखिँदैन। ओलीले शिक्षकको आन्दोलन होस् वा अन्य कुनै गतिविधि, सबैलाई उटपटयाङ शैलीमा जबाफ फर्काउने गरेका छन्।

प्रधानमन्त्रीको यस्तो गैरजिम्मेवार अभिव्यक्तिले सरकारप्रति नागरिकको वितृष्णालाई थप बल पुऱ्याएको राजनीतिक विश्लेषक ध्रुवहरि अधिकारीको टिप्पणी छ। ‘सत्तामा बसेका पुराना दलहरूप्रति नागरिकको नजर असाध्यै नकारात्मक छ, त्यो पनि वर्तमान प्रधानमन्त्री ओली र सत्ताका प्रमुख सहयात्री शेरबहादुर देउवासँग नागरिका अपेक्षा एकदमै कम देखिँदैन। यो अवस्थामा स्थायित्वका लागि बनेको कांग्रेस-एमाले सरकारले जनतालाई केही आश्वस्त पार्ने काम गरेर देखाउनुपर्थ्यो, अहिलेसम्म त्यो हुन सकेको छैन, प्रधानमन्त्रीको उटपटयाङ शैली उस्तै छ।’

सरकारले सहमति गरेको ७ बुँदामध्ये सरकार गठनबाहेक खासै काम गर्न सकेको छैन। संसद्का २ ठूला दलबीच भएको सत्ता सहकार्यले समेत वितृष्णालाई कम गर्न नसक्ने हो भने कांग्रेस-एमाले सत्ता सहकार्यको औचित्यमाथि प्रश्न उठ्ने विश्लेषकहरूले बताउँदै आएका छन्।

**यस्ता थिए ७ बुँदे सहमति**

१. आम जनताको चाहनाबमोजिम राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न, राष्ट्रको विकास अभियानलाई तीव्रता दिन, राजनीतिक स्थिरताका लागि अन्य राजनीतिक दललाई समेत सहभागी गराई संविधानको धारा ७६ (२) अन्तर्गत राष्ट्रिय सहमतिको सरकार निर्माण गर्ने।

२. राष्ट्रिय सहमतिको सरकारले संविधान प्रारम्भ भएपश्चात् अभ्यासमा रहेका, अभ्यासमा देखापरेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानुन निर्माण गर्ने विषयलाई प्राथमिकता दिने।

३. अर्थतन्त्रमा विद्यमान शिथिलतालाई अन्त्य गरी विश्वसनीय व्यावसायिक वातावरण बनाउने र आर्थिक गतिविधि चलायमान बनाउने। आन्तरिक, बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गर्ने।

४. राष्ट्रिय सहमतिको सरकारको नेतृत्व सरकार गठन भएको मितिले २ वर्षसम्म नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले र त्यसपछि २०८४ मंसिरमा हुने आमनिर्वाचनसम्म नेपाली कांग्रेसका सभापति माननीय श्री शेरबहादुर देउवाले गर्ने।

५. राष्ट्रिय हितको रक्षा गर्न, सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माणको अभियानलाई तीव्रता दिन, राष्ट्रिय सहमतिको सरकार संचालनका आधार र न्यूनतम साझा कार्यक्रम तर्जुमा गरी सोही आधारमा सरकार संचालन गर्ने।

६ राष्ट्रिय सहमतिको सरकार संचालनका लागि २ प्रमुख राजनीतिक दलको नेतृत्वदायी भूमिका र समानताको आधारमा समान हैसियतमा सरकारमा सहभागिता रहने र अन्य राजनीतिक दललाई समेत सरकारमा समावेश गर्ने।

७. राष्ट्रिय सहमतिको सरकारको मर्म र भावनाअनुसार प्रदेश सरकारको गठन र संचालन गर्ने। जनभावनाअनुरुप प्रदेश तथा स्थानीय तहमा हुने विकास निर्माणको कामलाई तीव्रता दिने।

## वीरगन्जमा...

मस्जिदबाट ढुंगा प्रहार भएपछि सुरु भएको झडप तनावग्रस्त बनेको हो।

झडपका क्रममा एउटा मोटरसाइकलमा समेत आगजनी भएको छ। केही होटलमा पनि आगजनी र तोडफोड गरिएको छ।

प्रशासनले अत्यावश्यक सेवामा संलग्न सवारी साधन र व्यक्तिहरूले आवश्यक कागजातसहित परिचय खुल्नेगरी मात्र आवतजावत गर्न पाउने स्पष्ट पारेको छ। कर्फ्यु उल्लंघन गर्नेलाई कानुनी कारबाही गरिने चेतावनीसमेत प्रशासनले दिएको छ। कर्फ्यु आदेश भएको क्षेत्रभित्र आवतजावत गर्न, कुनै पनि प्रकारको भेला, सभा, बैठक, घेराउ गर्न निषेध गरिएको छ।

अहिले त्यस क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको छ।

## नेपाल...

व्यवसायी मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएशनको एक पक्ष र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनबीच तालमेलमा संयुक्त व्यवसायी समूहका अध्यक्षका उम्मेदवार नरेश गेलालले ६१ मत कम ३६७ मत प्राप्त गरे।

गेलाल संघका पूर्व महासचिव तथा मञ्चका पूर्वअध्यक्ष हुन्। प्रथम उपाध्यक्षमा गेलाल प्यानलका सुजित कुमार श्रेष्ठ विजयी भए। उनी संघका पूर्व महासचिव हुन्।

विजयी श्रेष्ठले ३७५ मत प्राप्त गर्दा गुरूङ प्यानलका प्रथम उपाध्यक्षमा उम्मेदवार नोकरी नेपाल प्रालिका संचालक नरेन्द्रप्रसाद ढकालले ७३ मत कम अर्थात् ३०२ मत प्राप्त गरे। सो पदमा प्रतिस्पर्धा गरेका अख्तर हुसेनले १०१ मत प्राप्त गरे।

द्वितीय उपाध्यक्षमा गुरूङ प्यानलका अलर्ट ओभरसिज प्रालिका संचालक देवकुमार खोखाली ४०२ मत प्राप्त गरि विजयी भएका छन् भने उनका प्रतिद्वन्द्वी गेलाल प्यानलका मधुकर रिजालले ३७८ मत प्राप्त गरे।

तृतीय उपाध्यक्षमा गेलाल प्यानलका बैकुण्ठ पौडेल वैभवले ४३५ मत ल्याई विजयी भए। पराजित इम्प्लोइमेन्ट क्रियसन सर्भिस प्रालिका संचालक हर्कबहादुर लिम्बूले ३५० मत प्राप्त गरे।

यस्तै, महासचिवमा गुरूङ प्यानलका उम्मेदवार ग्लोबल राइजिङ प्लेसमेन्ट प्रालिका संचालक महेशकुमार बस्नेत ४२३ मत ल्याई विजयी भए। उनका प्रतिद्वन्द्वी गेलाल प्यानलका कर्णराज कटुवालले ३६२ मत प्राप्त गरे।

यसैगरी, आकृति रिक्रुटिङ प्रालिका संचालक गुरूङ प्यानलका कुन्छा दोर्जे दिमदोङ ३७४ मत ल्याई सचिवमा विजयी भए। पराजित गेलाल प्यानलका उम्मेदवार अनिल बोगटीले ३११ र स्वतन्त्र उम्मेदवार ईश्वर सापकोटाले ९३ मत पाए। कोषाध्यक्षमा विजयी गेलाल प्यानलका धनुसिंजालीले ४२८ पाइन् भने पराजित गुरूङ समूहका उम्मेवार शुभ हारती म्यानपावर प्रालिका सञ्चालक विक्रम श्रेष्ठ ३५७ मत प्राप्त गरे। यस्तै कार्यसमिति सदस्य पदमा रिजा ओभरसिज प्रालिकी संचालिका रेखा शर्माले ४४७, इगल मेनपावर कन्सल्टेन्ट प्रालिका सञ्चालक कृष्ण ढकालले ४४२, युनिभर्सल एच आर. सोलुसन प्रालिका संचालक भरत सापकोटाले ४३५, राज ग्रुप अफ कम्पनीका सञ्चालक राज लामा तामाङले ४२७, रसुवा ओभरसिज प्रालिका संचालक सुवर्ण लामाले ४०९, विनर एचआर शोलुशन प्रालिकी सञ्चालक हिमा गुरूङले ३४९, रियो ओभरसिज प्रालिकी सञ्चालक रमा खड्काले ३८८, हिमालयन भ्याली नेपाल प्रालिका संचालक देवीप्रसाद गिरीले ३७७, इम्पेरियल ओभरसिज प्रालिकी संचालक विद्यालक्ष्मी बज्राचार्य ३५३ र सेक्युर नेपाल जब प्रालिका संचालक सुमनराज पाण्डेले ३४३ मत प्राप्त गरि विजयी भए।

सदस्यमा पराजित उम्मेदवारहरूमा ग्रोथ प्रोसेस इन्टरनेसनल इप्लोइमेन्ट प्रालिका संचालक राजेन्द्र बस्नेतले ३४१, माउन्टेन ग्रुप प्रालिका संचालक देउमान नेम्बाङले ३३५, सिल्भर कर्नर ओभरसिज प्रालिका संचालक कैलाश पाठक ३२२, उज्यालो ओभरसिज प्रालिका संचालक चन्द्र लिम्बूले ३०८, सिगल ओभरसिज प्रालिका संचालक छत्र बस्नेतले २९४, ब्रदर इन्टरनेसनल इम्प्लोइमेन्ट प्रालिका संचालक दीपककुमार रायले २७०, आयुश ओभरसिज प्रालिका संचालक कामेश्वर साह राहुलले २५०, गल्फ एसिया म्यानपावर प्रालिका संचालक राजेश यादवले २४१, गल्फ इम्पायर ओभरसिज प्रालिका संचालक दिनेश बस्नेत २३४ र डेस्टिनी ह्युमन रिसोर्स प्रालिका संचालक युवराज देवकोटाले २२७ मत प्राप्त गरेका थिए।

## संघको...

जीतहारको छिनोफानो हुने धेरैको अड्कल रहेको बेला वैदेशिक रोजगार व्यवसायी प्रगतिशील मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक व्यवसायी एसोसिएसनको एउटा पक्ष तथा एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनबीच तालमेलमा बनेको संयुक्त व्यवसायी समूहका अध्यक्ष उम्मेदवार नरेश गेलाललाई ६१ मतको अन्तरले हराउँदै नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एसोसिएसनका उम्मेदवार भुवनसिंह गुरुङ विजयी भए। जितहारको फराकिलो अन्तर प्रतिद्वन्द्वी प्यानलका लागि विस्मात् सरह भयो भने नेपालको वैदेशिक रोजगार क्षेत्रलाई नजिकबाट नियाल्ने बुद्धिजीवि तथा अनुसन्धानकर्ताका लागि पनि खोजीको विषय बनेको छ।

संघको निर्वाचनमा प्रष्ट रूपमा एउटा विषय के रह्यो भने नेपाल लोकतान्त्रिक वैदेशिक व्यवसायी एसोसिएसनको संस्थापन भनेको संस्थापन नै हो। जुन प्रतिकूल परिस्थितिमा पनि हार मान्दैन। बलियो नै रहन्छ भन्ने प्रष्ट सन्देश दिएको छ। यो जीत निकाल्न एशोसिएशनका संस्थापक अध्यक्ष तिलक रानाभाट, संस्थापक महासचिव रामबहादुर बस्नेत, पूर्व अध्यक्ष किरण किशोर घिमिरे, वर्तमान अध्यक्ष दिपक थापालगायतको अहोरात्र खटाई उल्लेखनीय रह्यो। दम्भ छोडेर असन्तुट पक्षलाई मिलाउने हो भने नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा रहेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन वैदेशिक रोजगारको क्षेत्रको ठूलो, भरपर्दो र विश्वसनीय संथाका रूपमा स्थापित भइरहने सन्देश दिएको छ।

निर्वाचनले प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको एक पक्ष र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनको गठबन्धन हुँदापनि ६१ मतको अन्तरले पराजित हुनुले प्रगतिशील मञ्चलाई बाह्य पक्षसँगको प्रतिस्पर्धामा जित हासिल गर्न आन्तरिक एकता अति आवश्यक छ भन्ने सन्देश दिएको छ। कार्यसमिति निर्वाचन परिणामले संघको नवनिर्वाचित नेतृत्वलाई सहकार्य र सहअस्तित्वको मर्मलाई आत्मसात गर्ने सुझाएको कतिपय व्यवसायीको विश्लेषण छ।

नेपालको वैदेशिक रोजगार क्षेत्रमा आफूलाई तमु भन्न रूचाउने गुरूङ समुदायको लामो समयदेखि बाहुल्यता रहेको मानिन्छ। तर यसपटक तामाङ व्यवसायी उम्मेदवारहरूले पाएको सफलताले वैदेशिक रोजगार क्षेत्रमा तामाङ व्यवसायीको उपस्थिति बलियो बन्दै गएको देखाउँछ।

**श्री अन्नपूर्ण सामुदायीक वन उपभोक्ता समूह**
**रौतामाई गाउँपालिका ७ उदयपुर**

**समूह बाहिर काठ बिक्रि सम्बन्धी प्रकाशित सूचना**

**सूचना प्रकाशन मिति २०८१/१२/३१**

यस सामुदायिक वनबाट आर्थिक वर्ष २०८१/०८२ मा संकलन गरी घाटगद्दि गरेका लट नम्बर २ को साल थान ५६ को ५२३.१७ क्युफिट लट नम्बर ३ को साल थान ८३ को ६१२.०९ क्युफिट काठ जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समूह बाहिर गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्रदाखिला गर्न आह्वान गरिन्छ। पूर्ण व्यहोराको सूचना समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री सरस्वती सामुदायीक वन उपभोक्ता समूह**
**त्रियुगा नगरपालिका १६ उदयपुर**

**काठ लिलाम विक्रिको सूचना**

**सूचना प्रकाशन मिति २०८१/१२/३१**

यस सामुदायिक वनबाट आर्थिक वर्ष २०८१/०८२ मा संकलन गरी घाटगद्दि गरेका लट नम्बर १ को साल थान ५९ को ६०९.९३ क्युफिट काठ जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समूह बाहिर गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्रदाखिला गर्न आह्वान गरिन्छ। पूर्ण व्यहोराको सूचना समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**Government of Bagamati Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

**INFRASTRUCTURE DEVELOPMENT OFFICE**

**Hetauda, Nepal**

**Invitation for Bids**

IFB No: 05/081-82, First Date of publication: 2081/11/28, Second Date of Publication: 2081/12/31

IDO, Makawanpur re-invites electronic bids from eligible bidders under National Competitive Bidding Single Stage Single Envelope Bidding procedure. Bidders may obtain further information from the PPMO e-GP system www.bolpatra.gov.np/egp.

| S. N. | Contract Id No. | Description of Work | Estimated Amount w/o VAT (NRs) | Cost of Bid document (NRs) | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|
| 1 | IDOMAK/W/NCB/05/081/82 | Upgrading of Garkha Dumtar Hudai Ward Karyalaye Jodne Sadak, Raksirang-4, Makawanpur | 24,68,278.69 | 3,000 | 62,000 |
| 2 | IDOMAK/W/NCB/11/081/82 | Upgrading of Chapakharka Keureni Kholakharka Baikuntha Sadak, Kailash-1 | 25,65,213.67 | 3,000 | 65,000 |

**Office Chief**

मध्यान्ह
www.madhyanhadaily.com


# तीनकुने घटनाजस्ता हिंस्रक गतिविधि स्वीकार्य हुँदैन : प्रधानमन्त्री



**काठमाडौं/मस**–प्रधानमन्त्री केपी शर्मा ओलीले राजावादीहरूलाई प्रधानमन्त्री र मन्त्री बनाउनुभन्दा पशुपतिका बाँदरलाई मन्त्री बनाए राम्रो हुने टिप्पणी गरेका छन् ।

शनिबार झापामा आयोजित एमालेको जागरण सभालाई सम्बोधन गर्ने क्रममा तीनकुने घटनाका बारेमा बोल्दै प्रधानमन्त्री ओलीले यस्तो टिप्पणी गरेका हुन् ।

तीनकुनेमा शान्तिपूर्ण सभा गर्नेहरू आगजनी, तोडफोड, ढुंगा मुढा, आगजनीमा उत्रको भन्दै प्रधानमन्त्री ओलीले यस्ता क्रियाकलापले देश नबन्ने बताए । यस्ता पात्रले राजा फर्काएर प्रधानमन्त्री, मन्त्री बनाउने भन्दै उनले कटाक्ष गरे । राजा ल्याएर यस्तालाई प्रधानमन्त्री र मन्त्री बनाउनुभन्दा त पशुपतिका बाँदरलाई मन्त्री बनायो भने अलिकति राम्रो हुने प्रधानमन्त्री ओलीले भने ।

तीनकुने घटनाजस्ता हिंस्रक गतिविधि स्वीकार्य नहुने पनि प्रधानमन्त्री ओलीले बताए । ओलीले राजनीति नै नबुझेकाहरू राजा फर्काउन हिँडेको भन्दै व्यंग्य गरे । उनले गाडीको हुटमा चढेर हात हल्लाउँदै हिँडेर राजा नआउने भन्दै राजावादीहरूको गतिविधिको आलोचना गरे ।

नेपालमा अब राजसंस्था फर्कने सम्भावना नभएको बताउँदै प्रधानमन्त्रीले राजनीति भनेको नै थाहा नपाएका ढुंगा हान्न जानेकाले देश चलाउँछु भनेर उद्युम मच्चाएको टिप्पणी गरे । प्रधानमन्त्री ओलीले आफ्नो पार्टीले सरकारको नेतृत्व गर्दा सधैं सकारात्मक काम भएको जिकिर गरे । ओलीले झापा जिल्लामा पार्टीका संगठनहरू कमजोर हुँदै गएको भन्दै चिन्ता व्यक्त गरे । उनले नयाँ जोश, जाँगरका साथ अगाडि बढ्न नेता कार्यकर्तालाई निर्देशन दिए ।

## पत्रकार मञ्चको सातौं महाधिवेशन

# पत्रकारिता क्षेत्रमा योगदान दिने ६ जना पुरस्कृत, ९ जना सम्मानित

**मध्यान्ह संवाददाता**
ललितपुर, ३० चैत

नेपाल पत्रकार मञ्चको सातौं महाधिवेशन ललितपुरमा सम्पन्न भएको छ । पूर्व अर्थराज्यमन्त्री तथा प्रतिनिधिसभा सदस्य उदय शम्शेर राणाको प्रमुख आतिथ्यतामा भएको महाधिवेशनको उद्घाटन सत्रमा पत्रकारिता क्षेत्रमा विशेष योगदान दिने व्यक्तिहरूलाई सम्मान र पुरस्कार प्रदान गरिएको छ । कार्यक्रममा पूर्वराज्यमन्त्री राणाले प्रेस स्वतन्त्रताको महत्व र गणतन्त्रको मूल्यलाई उच्चारण गर्दै भने, 'नेपालका पत्रकारहरूले यथार्थको धरातलमा सत्ता र शक्तिको सही स्थिति उजागर गर्दै आएका छन्। गणतन्त्रको कमजोर पक्षलाई सुधार्न आवश्यक छ, तर त्यसको विकल्प खोज्न मिल्दैन ।'



उनले नेपालको मिडियामा रहेको स्वतन्त्रता र दक्षिण एशियामा यसको महत्व पनि उल्लेख गर्दै भने, 'नेपालका पत्रकारहरूले जो साँचो कुरा भन्नुपर्छ, ती मुद्दाहरूको खुलासा गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् ।'

बागमती प्रदेशका युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले पत्रकारिता क्षेत्रको सशक्तीकरणमा मञ्चको भूमिका र पत्रकारहरूको योगदानको महत्वकासाथ वकालत गरे । उनले विश्वास व्यक्त गर्दै भने,'आगामी नेतृत्वले पनि सत्य-तथ्यका आधारमा समाचार प्रवाह गर्दै जनताको पक्षमा काम गर्दै जानेछ।' नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले हालका पत्रकारिता चुनौतिहरू र पेशागत धर्मका विषयमा प्रकाश पार्दै समाजका सबै पक्षले सञ्चारमाध्यम र पत्रकारहरूलाई निशाना बनाइरहेकोमा आपत्ति जनाए । उनले भने, 'पत्रकारहरूले आचारसंहिताका आधारमा काम गर्दा आतंकित हुनु पर्ने अवस्था समाप्त गर्न जरुरी छ ।'

उद्घाटन समारोहमा मञ्चसँग आवद्ध ६ जना पत्रकारलाई पुरस्कृत र सम्मान गरिएको थियो । नेपाल टेलिभिजनका नायव महाप्रबन्धक आरती चटौतलाई क्रियाशील पत्रकारिता पुरस्कार प्रदान गरिएको छ । उनलाई नगद २५ हजार रुपैयाँ र प्रमाणपत्रसहित समावेश थियो । अन्नपूर्ण पोस्ट दैनिकको समाचार सम्पादक रामकला खड्कालाई प्रताप स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिएको छ । जसमा नगद १५ हजार रुपैयाँ समावेश थियो । चन्द्रसूर्यवाणी डटकमका सम्पादक सन्तोष मिश्रलाई स्व. गौरीनारायण श्रेष्ठ मध्यान्ह दैनिक पत्रकारिता पुरस्कार दिइएको छ । जसमा ११ हजार १ सय ११ रुपैयाँ राशिसहित सम्मान गरिएको थियो ।

त्यस्तै, चेतनराज पाण्डे, घनश्याम श्रेष्ठ, र टंककला तिमिल्सेनालाई क्रमशः नाजिर उद्दिन मिया स्मृति, डा. चुडाबहादुर श्रेष्ठ स्मृति, र बल्लभ भण्डारी स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिएको छ । हरेकलाई ५ हजार १ सय ११ रुपैयाँ नगद र सम्मानपत्र दिइएको छ ।

समारोहमा तीन दशकदेखि पत्रकारितामा सक्रिय शिरोमणि दवाडी, महिला प्रकाशक सितादेवी श्रेष्ठ, मञ्चका संस्थापक महासचिव बैकुण्ठ भण्डारी, क्रियाशील पत्रकार गिरिजाप्रसाद अधिकारी, गैरसरकारी संस्था महासंघका उपमहासचिव किरण थापा, सामुदायिक रेडियो प्रशारक संघ (अकोराव) का उपाध्यक्ष नविनरसिंह नेपाली, कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) का उपाध्यक्ष चिरञ्जिवी अधिकारी, र नेपाल मोबाइल वितरक संघका अध्यक्ष रघुनाथ त्रिपाठी (गृहनाथ)लाई कदरपत्र र दोसल्लासहित सम्मानित गरिएको थियो ।

कार्यक्रमको समापनमा मञ्चका अध्यक्ष युवराज विद्रोहीले पत्रकारितामा निष्पक्षता र पारदर्शिताको महत्वको बारेमा आफ्नो मन्तव्य व्यक्त गर्दै पत्रकारलाई आस्थाविहीन र निर्भीक भएर काम गर्नुपर्नेमा जोड दिए । उनले भने,'व्यक्तिगत आस्था जे भए पनि पत्रकारले कुनै पनि समाचार लेख्दा पूर्वाग्रह राख्नु हुँदैन ।'

महाधिवेशनको उद्घाटन सत्रमा बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जन, नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहाल, नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव बैकुण्ठराज पराजुली, नेपाल पत्रकार महासंघ एसोसिएट प्रदेशका अध्यक्ष रोयल आचार्य, ललितपुर जिल्ला अध्यक्ष रामकृष्ण रामहरि कार्की, मञ्चका संस्थापक अध्यक्ष योगेन्द्र प्रताप शाहीलगायतका विभिन्न विशिष्ट अतिथिहरूले आसन ग्रहण गरेका थिए । कार्यक्रमको सञ्चालन मञ्चका महासचिव बिमल थापाले गरेका थिए भने स्वागत मन्तव्य उपाध्यक्ष चन्द्रमणि भट्टराईले प्रस्तुत गरेका थिए ।

**अध्यक्षमा पुनः बिद्रोही निर्वाचित**

महाधिवेशनले पुनःयुवराज विद्रोही अध्यक्ष रहने गरी १७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । मञ्चको उपाध्यक्षमा विमल थापा, महासचिवमा राजु भण्डारी, सचिवमा प्रितमसागर कर्माचार्य, सन्तोष मिश्र, सचिव (महिला)मा कमला नेपाल, कोषाध्यक्षमा गीता थापा चयन भएकी छन् । यस्तै सदस्यहरुमा प्रज्ज्वल थापा, जितेन्द्र श्रेष्ठ (जेन), श्यामबाबु आचार्य, टंककला तिमल्सिना, सुशीला गौतम, अञ्जु श्रेष्ठ, लक्ष्मी भट्ट, केशव बस्नेत, केशवराज पौडेल र मिलन थापा चयन भएका छन् ।

## आफ्नै भनाइलाई देउवाको खण्डन

# उत्तरप्रदेशका मुख्यमन्त्रीको विषयमा गलत बोलेको जिकिर



**काठमाडौं/मस**–नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले भारतको उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले दिल्लीमा आएर आफू नेपालमा राजतन्त्रको पक्षमा नरहेको कुरा गर्नुभएको भन्ने भनाइको खण्डन गरेका छन् ।

शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा सभापति देउवाले आफू यसअघि गलत सूचनाका कारण उत्तर प्रदेशका मुख्यमन्त्रीले दिल्लीस्थित नेपाली दूतावासमा आएर आफू नेपालमा राजतन्त्रको पक्षमा नरहेको कुरा बताएको भनेको भन्दै उक्त भनाइको खण्डन गरेका हुन् ।

केही दिनअघि एक सार्वजनिक कार्यक्रममा सभापति देउवाले उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ दिल्लीस्थित नेपाली दूतावास गएर आफू नेपालमा राजतन्त्रको पक्षमा नरहेको बताएका थिए । सोही भनाइप्रति सभापति देउवाले मुख्यमन्त्री आदित्यनाथ दूतावास नआउनुभएको र भारतका लागि नेपाली राजदूत शंकरप्रसाद शर्माले मुख्यमन्त्रीलाई भेट्दा सो कुरा बताउनुभएको उल्लेख गरे ।

देउवाले अस्ति गलत सूचनाको आधारमा भारतका उत्तर प्रदेशका मुख्यमन्त्रीको विषयमा बोलेको बताउँदै उहाँ दिल्लीको राजदूतावासमा नआउनुभएको र दिल्लीको राजदूतले उहाँलाई भेट्न जाँदा कुराकानी भएको उल्लेख गरे । गत २५ चैतमा सभापति देउवाले उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ दिल्लीस्थित नेपाली दूतावास गएर आफू नेपालमा राजतन्त्रको पक्षमा नरहेको बताएका थिए ।

शेखर कोइरालाले केपी ओली नेतृत्वको सरकारबारे उठाएको प्रश्नमा आफू सचेत रहेको देउवाले बताए ।

# अमेरिका–चीनको व्यापार युद्ध तेस्रो विश्वयुद्धभन्दा पनि ठूलो हुन्छ : कोइराला



**काठमाडौं/मस**–नेपाली कांग्रेसका नेता डा.शेखर कोइरालाले अमेरिका र चीनबीच जारी व्यापार युद्धले विश्व डरलाग्दो अवस्थामा अघि बढेको विश्लेषण गरेका छन् । अहिले शक्तिशाली राष्ट्रबीच र विश्वभर नै देखिएको भन्सार युद्ध निकै खतरनाक मोडमा पुगेको बताउँदै कोइरालाले यसबाट नेपाल पनि अछुतो रहन नसक्ने बताए ।

वीपी स्मृति सामुदायिक सहकारी अस्पतालको १७औं वार्षिक साधारण सभा कार्यक्रमा शनिबार बोल्दै कोइरालाले भन्सार युद्ध तेस्रो विश्वयुद्धभन्दा पनि ठूलो हुने उल्लेख गरे । विश्व जारी भन्सार युद्धबाट नेपाल पनि अछुतो रहन नसक्ने उल्लेख गर्दै कोइरालाले अमेरिका र चीनबीच जारी व्यापार युद्ध तेस्रो विश्व युद्धको संकेत रहेको बताए ।

उनले यस्तो अवस्थामा नेपालले पनि सोच्नुपर्ने बेला आएको सुझाव दिए ।

यस्तै कोइरालाले कांग्रेस सत्तामा भए पनि सरकारमा नभएको टिप्पणी गरे । आफूले यो कुरा पटकपटक दोहोऱ्याएको बताउँदै पार्टी नेतृत्वलाई फेरि स्मरण गराएको बताए ।

कोइरालाले अहिले एमाले नै कांग्रेसको प्रतिस्पर्धी भएकोले सरकारलाई खबरदारी गर्नु पर्नेमा जोड दिए ।

संविधान संशोधन गर्ने भन्ने कुरा सेलाएको बताउँदै कोइरालाले ढिला नगर्न सुझाव पनि दिए । उनले संविधान पुनरावलोकन गर्न ढिलाई गर्न नहुने बताए ।

# शिक्षा ऐन जारी नभएसम्म विद्यालय नफर्किने आन्दोलनरत शिक्षकहरूको अडान



**काठमाडौं/मस**–शिक्षा ऐन जारी गर्न माग गर्दै आन्दोलनरत शिक्षकहरू माग पूरा नभएसम्म आफूहरु कार्यक्षेत्रमा नफर्किने बताएका छन् । शनिबार काठमाडौंको माइतीघर मण्डलमा प्रदर्शनका क्रममा शिक्षकहरुले यस्तो बताएका हुन् । चैत २० गतेदेखि आन्दोलनरत शिक्षकहरू शनिबार ११ औं दिन पनि सडकमै बसेर प्रदर्शन गरिरहेका छन् । शिक्षक महासंघको नेतृत्वमा आन्दोलन भइरहेको छ । विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने मुख्य मागसहित सडक आन्दोलनमा उत्रिएको महासंघले आन्दोलन र सरकारसँगको वार्ता पनि सँगसँगै गरिरहेको छ । नेपाल शिक्षक महासंघ राष्ट्रिय कार्यसमिति सदस्य गंगा ढुंगानाले सरकार र शिक्षक महासंघबीच विगतमा भएका सम्झौता बमोजिम सरकारले ऐन जारी नगरेपछि आन्दोलन उत्रिएको बताइन् । उनले एक लाख शिक्षक सडकमा आएर आन्दोलन गर्दा पनि सरकार शिक्षाप्रति उदासिन बनेको आरोप लगाइन् ।

उनले संसदको नियमित अधिवेशन, विशेष अधिवेशन वा अध्यादेशमार्फत ऐन जारी गर्नुबाहेक अरु विकल्प नरहेको बताइन् । शिक्षकहरुको मागमा सरकारले बेवास्ता गरे शिक्षा क्षेत्र दशकौंसम्मका लागि ध्वस्त हुनसक्ने उनको भनाइ छ ।

राष्ट्रिय शिक्षक मञ्च नेपालका राष्ट्रिय अध्यक्ष कुमोदकुमार सिंहले शिक्षकहरु ऐन जारी गर्न मागसहित आन्दोलनमा उत्रिएको ११ औं दिनसम्म पनि सरकार माग सम्बोधन गर्न गम्भीर नभएको आरोप लगाए । उनले सरकारले शिक्षकको माग तत्काल सम्बोधन गरेर शिक्षकहरुलाई विद्यालय फर्काउनुपर्ने बताए । आन्दोलन अराजकतातर्फ मोडियो भने त्यसको सम्पूर्ण जिम्मेवारी सरकारले लिनुपर्ने उनको भनाइ छ ।

नेपाल शिक्षक महासंघ संखुवासभा जिल्ला अध्यक्ष्य शेरबहादुर पुरीले परिवर्तित राज्य व्यवस्थामा साशन सञ्चालन एक ढंगबाट र नीति नियम अर्कै ढंगले गरिरहेको आरोप लगाए । उनले पञ्चायती शासन कालमा जारी शिक्षा ऐन हालसम्म विस्थापित नहुनु दुःखद् भएको बताए । संविधान बमोजिम कानून निर्माणका लागि शिक्षा ऐन जारी गर्नुपर्ने उनको भनाइ छ । उनले शान्तिपूर्ण आन्दोलनबाट सरकारले माग सम्बोधन नगरे कडा आन्दोलनमा जाने बताए ।

नेपाल शिक्षक संघको खाँदबारी जिल्ला सचिव सन्तोष श्रेष्ठ शिक्षा ऐन जारी गर्नु सरकारको दायित्व भएको बताए । उनले शिक्षकहरुको काठमाडौं केन्द्रित आन्दोलनले सरकार सञ्चालनमा तलमाथि भए सरकारले नै जिम्मेबारी लिनुपर्ने चेतावनी दिए । शिक्षा ऐन जारी नभएसम्म आफूहरु विद्यालय नफर्किने आन्दोलनरत शिक्षकहरुले बताएका छन् । सामुदायिक विद्यालयलाई ध्वस्त पार्न सरकारले अहिलेसम्म शिक्षा ऐन जारी नगरेको उनीहरुले आरोप लगाएका छन् ।

# वर्तमान व्यवस्थाविरुद्ध जानेलाई कारबाही गर्ने मुख्यमन्त्री पाण्डेको चेतावनी



**तनहुँ/मस**–गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था जनताको चाहनाअनुरूप स्थापना भएको वास्तविकता सुनाउँदै त्यसविरुद्ध जाने जोकोही सजायको भागीदार हुने हुने बताएका छन् ।

व्यास नगरपालिकाको शनिबार दमौलीमा आयोजित ३३औं स्थापना दिवस कार्यक्रममा उनले लामो संघर्ष र बलिदानबाट स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाविरुद्ध जानेलाई कारबाही गरिने चेतावनी दिए । मुख्यमन्त्री पाण्डेले राजनीतिक अस्थिरता अन्त्य गर्दै वर्तमान व्यवस्थाबाट नै देशलाई आर्थिक उन्नतिको बाटोमा अगाडि बढाउनुको विकल्प नभएको बताए ।

उनले तीनवटै तहका सरकारको सहकार्यमा देश विकास सम्भव छ भने । राष्ट्रियसभा सदस्य भगवती न्यौपाने, गण्डकी प्रदेशसभा सदस्य जितप्रकाश आले, प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापा जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेलगायत वक्ताले स्थानीय सरकारले जनताको भावनाअनुसार काम गर्नुपर्ने सुझाव दिएका थिए ।

# लिङ्देनद्वारा रजक परिवारसँग भेट



काठमाडौं/मस-राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले तीनकुने घटनामा परी निधन भएका पत्रकार सुरेश रजकको परिवारसँग भेट गरेका छन्।

उनले ताहाचलस्थित रजक निवास पुगेर शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरेका हुन् । अध्यक्ष लिङ्देनले रजकको न्यायका लागि आफूहरूले संसद् र सडकमा दुःखद घटनाको विषय उठाइरहेका र सत्यतथ्य छानबिनका लागि सरकारलाई निरन्तर दबाब दिइने बताए । त्यहाँ बागमती प्रदेशका सभामुख भुवन पाठकको पनि सहभागिता थियो ।

# कृषि उपजको बजारीकरणका लागि कृषि एम्बुलेन्स सञ्चालन

**भोजपुर/मस**-पौवादुङमा गाउँपालिकाले कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको छ। किसानले उत्पादन गरेको कृषि उपजको सहज बजारीकरणका लागि गाउँपालिकाले कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको हो ।

गाउँपालिकाले कृषिमा जोड दिएकाले किसानले उत्पादन गरेका कृषि उपजको सहज बजारीकरणका लागि कृषि एम्बुलेन्स सञ्चालनमा ल्याइएको गाउँपालिका अध्यक्ष किरण राईले बताए । उत्पादित वस्तुलाई सहजरुपमा बाहिरी जिल्लाका बजारसम्म पुऱ्याउन कृषि एम्बुलेन्सले सहजता थप्ने उनको भनाइ छ ।




'गाउँपालिकाले कृषिमा जोड दिएको छ', अध्यक्ष राईले भने,' किसानले व्यावसायिक रूपमा विभिन्न नगदेबालीको खेती गरिरहेका छन्, गाउँपालिकाभित्र उत्पादन भएका सम्पूर्ण कृषि उपजको सहज बजारीकरणका लागि एम्बुलेन्स सञ्चालनमा ल्याएका हौं ।'

गाउँपालिकाले किवी, अकबरे खुर्सानीलगायत अन्य विभिन्न नगदेबालीको खेतीमा अनुदानका कार्यक्रम सञ्चालन गरिरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले जानकारी दिए। धेरै किसान व्यावसायिक रूपमा कृषिमा लागेकाले यहाँ उत्पादन भएका वस्तुको बजारीकरणमा टेवा पुऱ्याउने लक्ष्यले गाउँपालिकाले आफ्नै कृषि एम्बुलेन्स सञ्चालन ल्याएको उनको भनाइ छ ।

व्यावसायिक रूपमा कृषिमा लागेका किसानलाई थप प्रोत्साहन गर्न ७०० बढी किसानलाई कृषि सामग्री वितरण गरिएको प्रशासकीय अधिकृत भट्टराईले जानकारी दिए ।

## सम्पादकीय

# संयमता अपनाऔं, नीति बनाऊ

पर्साको वीरगञ्जमा शनिबार दुई समुदायबीच झडप भएपछि जिल्ला प्रशासन कार्यालयले कर्फ्यु आदेश नै जारी गर्नुपर्‍यो। विश्व हिन्दू परिषद् नेपाल वीरगञ्ज महानगर समितिले आयोजना गरेको शोभायात्राका क्रममा झडप भएको हो। झडप श्रीराम हलस्थित जामा मस्जिद अगाडि भएको छ। यसलाई दुई धार्मिक आस्था राख्नेबीचको झडप भनेर प्रचार गर्न खोजिएको छ। नेपालमा पछिल्ला केही वर्षमा यस प्रकारका प्रयास भइरहेका छन्– ताकि धार्मिक रूपमा नेपाली समाजलाई विभाजित देखाउन सकियोस्।

एकातिर नेपाललाई हिन्दु सापेक्ष मुलुक बनाउनुपर्छ भनेर प्रदर्शन भइराखेका छन्। अर्कोतिर अन्तरधर्म द्वन्द्व देखाउने प्रयास भइरहेका छन्। यसअघि सुनसरी, बाँके लगायतका जिल्लाका केही स्थानमा यस प्रकारका प्रयास भएका थिए। यसबारे सरोकारवालाहरूले सरकारको ध्यानाकर्षण गर्दै आएका छन्। सामाजिक सद्भावको विषयमा आवश्यक सचेतना फैलाउन, गलत मनासाय राख्नेहरूको विवरण संकलन गर्न र सुरक्षाको पूर्वतयारीमा सरकारले ध्यान दिन आवश्यक छ। ताकि गलत मनासायसहित धार्मिक द्वन्द्व देखाउने प्रयास रोकिन सक्छ।

नेपाल विविधतामा एकता भएको मुलुक हो। यहाँ सदिऔंदेखि बहुजाति, बहुसांस्कृतिक र बहुधार्मिक एकता छ। अन्तरधर्मको सम्मान नेपाली समाजको विशेषता र परिचय हो। नेपाली संस्कृति भन्नेबित्तिकै धार्मिक सद्भाव, पर्व, खानपान, जीवनशैली आदि पर्छन्। यी विषय सामाजिक रीतिरिवाज, संस्कृति र धर्मसँग जोडिएको छ। बहुधार्मिक, बहुसांस्कृतिक र बहुजातिय विशेषताले गर्दा नेपाल विश्व मानचित्रमा धार्मिक पर्यटकका हिसाबले पनि महत्वपूर्ण छ। यही विशेषता संसारलाई देखाएर नेपालले आर्थिक विकास र समृद्धि हासिल गर्न सक्छ। यस निम्ति सरकार योजनावद्ध रूपमा अगाडि बढ्न आवश्यक छ।

संविधानले सबै प्रकारका विविधताको संरक्षण र सम्मान गर्ने नीति लिएको छ। यस अन्तर्गत धर्मनिरपेक्ष राज्य घोषित भएको हो। धर्मनिरपेक्षताबारे स्पष्ट पार्दै संविधानमा सनातनदेखि चलिआएको धर्म, संस्कृतिको संरक्षणलगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता भनिएको छ। सनातन धर्म भन्नेबित्तिकै कतिपयले हिन्दु धर्म सम्झन्छन्। तर सनातन धर्म भनेको प्राचीन कालदेखि निरन्तर प्रयोगमा रहँदै आएका सबै धर्म हुन्। नेपालको सन्दर्भमा हिन्दु, किराँत, बौद्ध, इसाई धर्म सनातन धर्म हुन्। अर्थात, संविधानले सबै धर्म–संस्कृतिलाई संरक्षणको वाचा गर्दै स्वतन्त्रता समेत दिएको छ। धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास, संरक्षण र प्रवर्द्धन गर्ने स्वतन्त्रता छ। यसअन्तर्गत प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक छ। यसको सम्मान गर्दा संविधानको मर्म र भावनाको कदर हुनुका साथै सच्चा नेपालीको परिचय दिन सकिन्छ। यसतर्फ राज्य र सरोकारवालाहरू समेत सजग र सचेत हुन सक्दा नेपाल आपसी सद्भाव र सहिष्णुतासहितको विकासमा अगाडि बढ्न सक्दछ।

अग्रलेख



● चन्द्रबहादुर बस्याल

# पर्यटन विकासका आधारहरू

*नेपालमा पर्यटन विकास सम्भावनायुक्त त छ तर अझ प्रभावकारी योजना, पूर्वाधार विस्तार र प्रवर्द्धन आवश्यक छ...*

> नेपाल जस्तो प्राकृतिक, सांस्कृतिक र धार्मिक विविधताले भरिएको मुलुकले यदि पर्यटन विकासका यी आधारहरूलाई योजनाबद्ध ढंगले सम्बोधन गर्न सकेमा यस क्षेत्रले मुलुकको आर्थिक विकासमा क्रान्तिकारी योगदान दिन सक्छ...

नेपालमा पर्यटन विकासको अवस्था क्रमिक रूपमा अघि बढिरहेको छ तर अझै पनि यसमा ठूलो लगानीको आवश्यकता देखिन्छ। हिमाल, पहाड, तराई तीनै भौगोलिक क्षेत्रको प्राकृतिक विविधता, सांस्कृतिक सम्पदा, धार्मिक स्थल र साहसिक गतिविधिका कारण नेपाल पर्यटकका लागि आकर्षक गन्तव्य हो। विशेषगरी सगरमाथा, अन्नपूर्ण, लुम्बिनी, चितवन राष्ट्रिय निकुञ्ज, पोखरा, काठमाडौं उपत्यकाका ऐतिहासिक दरबारहरू आदि पर्यटकीय केन्द्र हुन्।

सरकारले पर्यटनलाई प्राथमिकतामा राख्दै विभिन्न कार्यक्रम संचालन गर्दै आएको छ, जस्तै : भिजिट नेपाल अभियान, होमस्टे प्रवर्द्धन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मेलामा सहभागिता आदि। निजी क्षेत्र र स्थानीय समुदायको संलग्नता पनि विस्तार हुँदै गएको छ। होटल, ट्राभल एजेन्सी, ट्रेकिङ संस्था, विमान सेवालगायतका पूर्वाधार विस्तारमा निजी लगानी बढ्दो छ।

तर, अझै पनि पर्यटकको संख्या सन्तोषजनक रूपमा वृद्धि हुन सकेको छैन। पूर्वाधारको अभाव, यातायात तथा संचारमा समस्या, अस्थिर राजनीतिक वातावरण, पर्यटकीय स्थलहरूको प्रचारप्रसारमा कमजोरी, दक्ष जनशक्तिको अभाव तथा वातावरणीय चुनौतीहरूले पर्यटन विकासलाई अवरोध पुर्‍याएका छन्। साथै, केही स्थानमा अतिक्रमण, अव्यवस्थित शहरीकरण, फोहोर व्यवस्थापनको समस्यालगायतका कारण पर्यटकको अनुभवमा असर पर्न गएको छ।

यद्यपि, पछिल्लो समयमा आन्तरिक पर्यटनको विकासमा सकारात्मक संकेत देखिएको छ। नेपाली नागरिकहरू पनि आफ्नो देशका पर्यटकीय स्थलहरूमा भ्रमण गर्न थालेका छन्, जसले स्थानीय अर्थतन्त्रमा टेवा पुर्‍याइरहेको छ। समग्रमा, नेपालमा पर्यटन विकास सम्भावनायुक्त त छ तर अझ प्रभावकारी योजना, पूर्वाधार विस्तार र प्रवर्द्धन आवश्यक छ।

### विकासका आधारहरू

पर्यटन विकासका आधारहरू विविध छन्, जसले कुनै देश वा क्षेत्रको समग्र आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय समृद्धिमा योगदान पुर्‍याउँछन्। नेपालको सन्दर्भमा पर्यटन विकासलाई दिगो, समावेशी र समृद्ध बनाउने उद्देश्यले विभिन्न आधारहरूलाई ध्यानमा राख्नुपर्छ। यी आधारहरूलाई सुदृढ बनाउँदै लैजान सके पर्यटन क्षेत्रले अझ बढी रोजगारी सिर्जना गर्न, स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन, सांस्कृतिक सम्पदाको संरक्षण गर्न तथा अन्तर्राष्ट्रिय पहिचान बढाउन मदत गर्छ।

सबैभन्दा पहिले पूर्वाधार विकासलाई पर्यटन विकासको मूल आधारका रूपमा लिन सकिन्छ। सडक, विमानस्थल, यातायात सेवा, संचार सुविधा, होटल तथा रेस्टुरेन्ट जस्ता पूर्वाधारहरू व्यवस्थित र सहज हुनु अनिवार्य छ। पर्यटकहरूलाई सहज यात्रा, सुरक्षित आवास र राम्रो सेवा सुविधा प्राप्त नहुन्जेल पर्यटन प्रवर्द्धनमा कठिनाइ हुन्छ।

विशेषगरी दुर्गम तथा सम्भावनायुक्त स्थानहरूमा पुग्न सहज पूर्वाधारको विकास अझ आवश्यक हुन्छ। हुम्ला, डोल्पा, मुगु जस्ता क्षेत्रहरूमा पुग्न सहज बाटो तथा यातायात नहुँदा त्यहाँको मौलिक संस्कृतिबाट पर्यटक बञ्चित भइरहेका छन्।

दोस्रो, मानव स्रोतको विकास पनि पर्यटन विकासको अर्को महत्त्वपूर्ण आधार हो। पर्यटन सेवामा संलग्न गाइड, होटल व्यवसायी, यातायात चालक, संस्कृतिकर्मी, स्थानीय उद्यमीलगायत सबैको दक्षता, आतिथ्य र व्यवहारले पर्यटकको अनुभव निर्धारण गर्छ। अतः यस्ता जनशक्तिहरूलाई तालिम, ज्ञान र आवश्यक स्रोतसाधन उपलब्ध गराउनु जरुरी हुन्छ। भाषा ज्ञान, आतिथ्य शैली, सुरक्षित सेवा, विपद् व्यवस्थापन जस्ता पक्षमा दक्ष जनशक्ति तयार पार्न सक्दा पर्यटकको विश्वास पनि बढ्छ।

तेस्रो, संस्कृति, परम्परा र प्राकृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धनले पनि पर्यटन विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ। नेपाल विविध सांस्कृतिक, जातीय र धार्मिक सम्पदाले भरिएको देश हो। यिनै सम्पदालाई सुरक्षित राख्दै पर्यटनसँग जोड्न सक्ने हो भने स्थानीय समुदायको आम्दानी पनि बढ्छ र संस्कृति संरक्षणमा पनि योगदान पुग्छ। उदाहरणका लागि, तामाङ हेरिटेज ट्रेल, गुरुङ संस्कृतिको परिचय दिने होमस्टे, थारू संस्कृति झल्काउने पर्यटकीय गाउँहरूले पर्यटकलाई आकर्षित मात्र गर्दैनन्, स्थानीयमा पनि पहिचानप्रतिको गर्व बढाउँछन्।




चौथो, सरकारी नीति तथा कानुनी संरचना पनि पर्यटन विकासको एउटा बलियो आधार हो। स्पष्ट, पारदर्शी र प्रोत्साहनात्मक नीति नहुनु पर्यटन विकासमा बाधक बन्न सक्छ। विदेशी लगानीलाई आकर्षित गर्ने, घरेलु उद्यमलाई सहुलियत दिने, कर प्रणालीलाई अनुकूल बनाउने, वातावरणमैत्री पर्यटन प्रवर्द्धन गर्ने नीतिहरूले दीर्घकालीन पर्यटन विकासलाई सहयोग पुर्‍याउँछन्। साथै, पर्यटनसम्बन्धी कानुन, नियम तथा सुरक्षाको संयन्त्र बलियो हुनु आवश्यक छ, जसले पर्यटकको आत्मविश्वास कायम राख्छ।

पाँचौं, प्रवर्द्धन र बजारीकरण (मार्केटिङ) पर्यटन विकासको अत्यन्त महत्त्वपूर्ण आधार हो। नेपालको पर्यटन सम्भावना विश्वसामु पुर्‍याउन प्रभावकारी प्रचारप्रसार आवश्यक छ। डिजिटल प्रविधिको प्रयोग गर्दै सामाजिक संजाल, वेबसाइट, मोबाइल एप, भर्चुअल टुर आदि माध्यमबाट विश्व बजारमा नेपालको पर्यटन गन्तव्य चिनाउन सकिन्छ।

अन्तर्राष्ट्रिय मेलामा सहभागिता, देशभित्रको प्रचारप्रसार, फिल्म, वृत्तचित्र, ब्लग आदि प्रयोग गरी नेपालको विविधता विश्व समक्ष पुर्‍याउन सकिन्छ। यसो गर्दा नयाँ पर्यटक तान्ने सम्भावना बढ्छ।

छैटौं, स्थानीय समुदायको सहभागिता पर्यटन विकासको दीर्घकालीन र दिगो आधार हो। पर्यटकीय गन्तव्य वरिपरिको समुदायको सरोकार, संलग्नता र स्वामित्वबिनाको पर्यटन विकास टिकाउ हुँदैन। स्थानीय स्रोत र संस्कृति प्रयोग गरेर पर्यटन प्रवर्द्धन गर्दा समुदायलाई आम्दानीको स्रोत प्राप्त हुन्छ। साथै, समुदायले आफ्नो संस्कृति, वातावरण र स्रोतहरूको संरक्षणमा पनि चासो देखाउँछ। होमस्टे, सामुदायिक ट्रेकिङ र पर्यटन सहकारीहरूले यसको सफल उदाहरण प्रस्तुत गरेका छन्।

सातौं, वातावरण संरक्षण पर्यटन विकाससँग जोडिएको आधार हो। अनियन्त्रित र अव्यवस्थित पर्यटनले वातावरणीय क्षति पुर्‍याउने खतरा रहन्छ। त्यसैले, पर्यटन विकास गर्दा वातावरणमैत्री दृष्टिकोण अपनाउनु आवश्यक हुन्छ। प्लास्टिक प्रयोगमा नियन्त्रण, फोहोर व्यवस्थापन, जैविक विविधताको संरक्षण, पानीको स्रोत संरक्षण जस्ता विषयलाई पर्यटनसँग जोड्न सकिन्छ। यसरी दिगो पर्यटनले पर्यटकको अनुभव पनि बढाउँछ र स्थानीय स्रोतको दीर्घकालीन प्रयोग सुनिश्चित हुन्छ।

### निष्कर्ष

नवीन प्रविधिको प्रयोग र नवाचार पर्यटन विकासको आधुनिक आधार हो। प्रविधिको सहायताले पर्यटन सेवा सरल, पारदर्शी र गुणस्तरीय बनाउने सकिन्छ। अनलाइन बुकिङ, डिजिटल पेमेंट, जीपीएस ट्रेकिङ, अनलाइन गाइड, भिडियो सामग्री, एआई–आधारित पर्यटन सुझाव जस्ता सुविधाले पर्यटकलाई सहजता दिन्छन्। साथै, पर्यटन व्यवस्थापनमा पनि प्रविधिको प्रयोगबाट पारदर्शिता र विश्वसनीयता कायम गर्न सकिन्छ।

संक्षेपमा भन्ने हो भने, नेपाल जस्तो प्राकृतिक, सांस्कृतिक र धार्मिक विविधताले भरिएको मुलुकले यदि पर्यटन विकासका यी आधारहरूलाई योजनाबद्ध ढंगले सम्बोधन गर्न सकेमा यस क्षेत्रले मुलुकको आर्थिक विकासमा क्रान्तिकारी योगदान दिन सक्छ। यसले मात्र होइन, नेपाललाई विश्व पर्यटन नक्सामा अझ मजबुत रूपमा उभ्याउन पनि सहयोग पुर्‍याउने छ।

## इतिहासमा आज

१३ अप्रिल १७४१ मा डचहरूले रोटीको गुणस्तरमाथि प्रश्न उठाउँदै आन्दोलन गरेका थिए।



१३ अप्रिल १७९६ मा पहिलो हात्ती भारतबाट अमेरिका पुर्‍याइएको थियो।



१३ अप्रिल २०१४ मा म्यानी प्याकियाओले टिमोथी ब्राडलीलाई हराएर वेल्टरवेट बक्सिङको उपाधि जितेका थिए।



१३ अप्रिल २०१५ मा जोस ह्वेडनद्वारा निर्देशित 'एभेन्जर्स : एज अफ अल्ट्रोन' लस एन्जलसमा प्रिमियर भएको थियो।



## सामाजिक सञ्जाल



**हरि रोका**

महामन्त्रीद्वयले प्रतिपक्षीको भूमिकाको नाटक, संचारमन्त्रीले संघीयता पक्षधरताको नौटंकी, गृहमन्त्रीले शान्ति शुरक्षा कायम गरेको दाबी नगरेको राम्रो। आन्ध्र महासागर तर्न ओलीको कप्तानीमा जहाज चढेका यिनले जहाजमा आफैंले प्वाल पारेर प्वाल पर्‍यो–पर्‍यो भनेर नौटंकी नदेखा'को राम्रो।



**तारानाथ दाहाल**

लोकतन्त्रमा लोकतन्त्रविरोधीहरूलाई पनि शान्तिपूर्ण गतिविधि गर्न र बोल्न समान स्वतन्त्रता हुन्छ र हुनुपर्छ तर विश्वभर र नेपालमा पनि स्वतन्त्रताको अभ्यासमा दोहोरो मापदण्डको शासकीय शैली र चिन्तन देखिएको छ। एक उदार र सहिष्णु लोकतन्त्रवादी कहिल्यै पनि घृणा र प्रतिशोधपीडित हुनु हुँदैन।



**प्रेमकान्त अधिकारी**

अध्ययन गर्नु विद्वान्, ज्ञानी, ध्यानी र असल बनी शक्ति र ऊर्जा आर्जन गर्नु हो। बुद्धि त आमाको गर्भबाट निस्कँदैमा जस्तो लिएर आउँछ, त्यस्तै रहिरहने रहेछ। अरूको आचरण, चरित्र, व्यवहार, संस्कार देखेर, सुनेर आफूभित्र महसुस गरोस्, परिवर्तन हुन, सुध्रिन सकोस्, जडसूत्रवादी सोच त्यागोस्।



**राजेश अहिराज**

बाध्यतामा देश छोड्नुपरेको नेपालीको पीडा कसले बुझिदिने ? नागरिक समाजको मौनता लज्जाजनक छ। बिदेसिएका नेपालीको मनमा आफ्नो देश, गाउँ, समाज, माटो, परिवार र सपनाको बेदना कति धेरै ! देश युवाविहीन हुँदा पनि नेतृत्व कुर्सीकै खेलमा हुनु देश, व्यवस्था, दल र राजनीतिक संस्कारका निमित्त सुखद होइन।

# किन नास्तिकतातर्फ उन्मुख छ विश्व ?

विचार



● शम्भु पनेरू

> मानिसहरू आस्तिक हुनुका पछाडि आर्थिक, सामाजिकलगायतका कारणहरू पनि जोडिन्थे। भविष्य के हुने भन्ने अन्योलमा मानिसहरू त्रसित रहन्थे। यद्यपि, समाज विकास हुँदै जाँदा ती अन्योलहरू हट्दै गएका छन्...

नास्तिकता, नास्तिकवाद वा अनीश्वरवाद त्यो सिद्धान्त हो, जसले जगत्लाई सृष्टि गर्ने, यसलाई संचालन र नियन्त्रण गर्ने भनिएको कुनै पनि ईश्वरीय अस्तित्वलाई स्वीकार गर्दैन। नास्ति शब्द नास्ति : न+अस्तिबाट बनेको थियो, जसको अर्थ छैन अर्थात् ईश्वर छैन भन्ने हुन्छ।

नास्तिकहरू ईश्वरीय अस्तित्वलाई स्वीकार गर्दैनन्। नास्तिकहरू ब्रह्माण्ड स्वयं संचालित र स्वयं शासित छ भन्ने कुरामा विश्वास गर्छन्।

तर, ईश्वरवादी भने यो समग्र ब्रह्माण्ड नै ईश्वरीय शक्तिबाट चलेको विश्वास गर्छन्। उनीहरू ईश्वरको अस्तित्वलाई पूर्ण स्वीकार गर्छन्। यद्यपि, ईश्वरवादीका धेरै प्रश्नका जबाफ विज्ञानले दिन थालेको छ।

विज्ञानले तथ्यसहित प्रश्नलाई चिर्न थालेसँगै विश्वमा पनि क्रमशः नास्तिकताको लहर बढ्दो छ। पछिल्ला वर्षहरूका अध्ययन र सर्वेक्षणहरूलाई हेर्दा नास्तिकताको संख्या उच्च तहमा बढ्दै छ। विशेषगरी विज्ञानको विकाससँगै नास्तिकताको लहर पनि क्रमशः बढ्दो देखिन्छ।

जापान, क्यानाडा, बेलायत, दक्षिण कोरिया, नेदरल्यान्ड्स, चेक गणराज्य, इस्टोनिया, जर्मनी, फ्रान्स, उरुग्वे यस्ता देशहरू हुन्, जहाँ १०० वर्ष पहिलेसम्म धर्मको निकै महत्त्व थियो तर अहिले यी देशहरूमा पनि भगवान्मा विश्वास गर्ने मानिसहरूको दर सबैभन्दा कम छ।

यहाँ अचम्मको कुरा के छ भने, ब्राजिल, जमैका र आयरल्यान्ड जस्ता देशहरूमा पनि धर्मप्रतिको आस्था घटेको छ। सायद यसको कारण यी देशहरूमा शिक्षा र सामाजिक सुरक्षा प्रणाली निकै बलियो छ। आर्थिक असमानता कम छ र मानिसहरू तुलनात्मक रूपमा बढी शिक्षित र धनी छन्। विभिन्न विश्वव्यापी सर्वेक्षण र अनुसन्धानहरूले पुष्टि गर्छन् कि नास्तिकहरूको संख्या अर्थात् भगवान् वा कुनै अलौकिक शक्तिमा विश्वास नगर्नेहरूको संख्या विगत केही दशकहरूमा बढेको छ।

### बढ्दो नास्तिकताको ग्राफ

ग्यालप अन्तर्राष्ट्रिय सर्वेक्षण (२००५–२०११) : यस सर्वेक्षणमा ५७ देशका ५० हजारभन्दा बढी मानिसहरूलाई समावेश गरिएको थियो। यसअनुसार सन् २००५ मा ७७ प्रतिशत मानिसहरू धार्मिक थिए, जुन सन् २०११ सम्ममा घटेर ६८ प्रतिशतमा झरेको छ। एकै समयमा आफूलाई नास्तिक भनेर दाबी गर्नेहरूको संख्या ३ प्रतिशतले बढेर १३ प्रतिशत पुगेको छ।

प्यु अनुसन्धान केन्द्र : सन् २०१० को एक रिपोर्टअनुसार, विश्वव्यापी रूपमा नास्तिक र अज्ञेयवादीहरूको संख्या ५० करोडदेखि १ दशमलव १ अर्बको बीचमा अनुमान गरिएको थियो। यो संख्या समयसँगै बढ्दै गएको देखिन्छ, विशेषगरी विकसित देशहरूमा।

विन/ग्यालप इन्टरनेसनल (२०१७) : यो सर्वेक्षणले विश्वव्यापी नास्तिक जनसंख्या ९ प्रतिशत अनुमान गरेको थियो, जबकि पछिल्लो प्रक्षेपण (२०२३)ले यसलाई २३ प्रतिशत राखेको छ। यो भिन्नता सर्वेक्षणको परिभाषा र विधिहरूमा निर्भर गर्छ। विशेषगरी अहिले नास्तिकता विकसित देशहरूमा बढ्दै गएको देखिन्छ। आर्थिक, राजनीतिक र सामाजिक सुरक्षा प्रदान गर्ने देशहरूमा नास्तिकताको वृद्धि सबैभन्दा बढी देखिएको छ।

उदाहरणका लागि चीनमा जनसंख्याको ६८ प्रतिशतभन्दा बढी (लगभग ९५ करोड मानिसहरू) नास्तिक मानिन्छन्, जसले गर्दा यो विश्वको सबैभन्दा ठूलो नास्तिक देश बनेको छ। यसैगरी, युरोपेली देश नर्वे, जहाँ ३९ प्रतिशत मानिसहरू नास्तिक छन्। स्विडेन, जर्मनी, फ्रान्स र चेक गणतन्त्र जस्ता देशहरूमा नास्तिकहरूको संख्या बढ्दै गएको छ।

भारत जस्ता देशहरूमा पनि नास्तिकता बढ्दै गएको पाइन्छ। यद्यपि, यो अझै पनि अल्पसंख्यक छ। सन् २०११ को जनगणनाले ३३ हजार मानिसहरूलाई नास्तिकको गणना गरेको थियो तर यो पूर्ण सत्य थिएन।

### कुन देशमा कति प्रतिशत नास्तिक ?

*भियतनाम : ८१ प्रतिशत*
*स्वीडेन : ७८ प्रतिशत*
*चेक गणराज्य : ७५ प्रतिशत*
*संयुक्त अधिराज्य : ७२ प्रतिशत*
*अस्ट्रेलिया : ७० प्रतिशत*
*जपान : ६५ प्रतिशत*
*नेदरल्यान्ड्स : ५८ प्रतिशत*
*डेनमार्क : ५६.२ प्रतिशत*
*दक्षिण कोरिया : ५४.९ प्रतिशत*
*न्युजिल्यान्ड : ५१.६ प्रतिशत*
*स्कटल्यान्ड : ५१.१ प्रतिशत*
*जर्मनी : ४६.२ प्रतिशत*
*नर्वे : ३९ प्रतिशत*
*फिनल्यान्ड : ३३.६ प्रतिशत*
*स्विट्जरल्यान्ड : ३३.५ प्रतिशत*
*फ्रान्स : ३३ प्रतिशत*
*क्यानाडा : २६.३ प्रतिशत*
*अल्बानिया : २४.४ प्रतिशत*
*सिंगापुर : २० प्रतिशत*
*भारत : ६ प्रतिशत*

### नास्तिकता बढ्नुका कारणहरू

विज्ञानले हरेक परिणामको कारण खोज्छ र सो कारणमाथि पनि विवेचना गर्छ। अलौकितालाई पाखा पन्छाएर गरिने विवेचनाबाट निस्कने परिणामबाट मानिसहरू नास्तिक बन्न पुग्छन्।

सँगै, अहिले विशेषगरी इन्टरनेट र शिक्षाले मानिसहरूलाई फरक–फरक दृष्टिकोणमा उजागर गरेको छ, जसले गर्दा धार्मिक विश्वासमाथि प्रश्न उठेको छ।

मानिसहरू आस्तिक हुनुका पछाडि आर्थिक, सामाजिकलगायतका कारणहरू पनि जोडिन्थे। भविष्य के हुने भन्ने अन्योलमा मानिसहरू त्रसित रहन्थे। यद्यपि, समाज विकास हुँदै जाँदा ती अन्योलहरू हट्दै गएका छन्। राज्यले कतिपय कुराको सुनिश्चितता गर्ने परिपाटीको सुरुवात गरिरहँदा जनतामा त्रास हट्दै गइरहेको छ। जनता कारण र परिणाम खोज्ने भएका छन्।

निष्कर्षमा, यदि अहिलेको प्रवृत्ति जारी रह्यो भने नास्तिकहरूको संख्या विश्वमा अझ बढ्न सक्ने देखिन्छ। केही विज्ञहरूका भनाइलाई हेर्दा, सन् २०५० सम्ममा नास्तिक र अज्ञेयवादीहरूले विश्व जनसंख्याको ठूलो हिस्सा ओगट्न सक्छन्। विशेषगरी शहरी र शिक्षित समुदायहरूमा यसको संख्या सबैभन्दा बढी हुने छ।

मध्यान्ह
www.madhyanhadaily.com



# कांग्रेस बाहेक अन्य राजनीतिक दलहरुको अर्थनीति छैन: स्वास्थ्यमन्त्री

**काठमाडौं /मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले नेपाली कांग्रेस बाहेक अन्य राजनीतिक दलहरुको अर्थनीति नरहेको बताएका छन् ।



शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले आजको नेपालको अर्थतन्त्रको उदारीकरण नेपाली कांग्रेसले गरेको दाबी गरे । उनले नेपाली कांग्रेसबाहेक नेपालमा अरु राजनीतिक दलहरुले मेरो अर्थनीति यो हो भनेर भन्न नसकेको जिकिर गरे । उनले कांग्रेसको अर्थनीतिमै अरु राजनीतिक दलहरु हिँडिरहेको बताए । उनले सामाजिक उत्तरदायित्व अन्तर्गत नेपालमा धेरै कामहरु भएको बताए । उनले अन्तर्राष्ट्रिय रुपमा अरुले गर्न नसकेको उपलब्धिहरु पनि नेपालले गरेको बताए ।

मन्त्री पौडेलले भने,'आज यो अर्थतन्त्रको उदारीकरण नेपाली कांग्रेसले गरेको हो । आज कांग्रेस बाहेक कसैले मेरो अर्थनीति यो हो भनेर भन्ने स्थिति छैन । कांग्रेसको जे अर्थनीति हो सबैले त्यही अंगालीरहेका छन् । विकासको सन्दर्भमा हामीले थुप्रै उदाहरणहरु प्रस्तुत गर्नसक्छौँ । हामीले सामाजिक उत्तरदायित्व अन्तर्गत नेपालमा धेरै कामहरु भएको छ । समावेशिताको सन्दर्भमा अमेरिकाको संसद नेपालको जस्तो छ । भारतको संसद नेपालको जस्तो छ ? आज नेपालमा मातृ मृत्युदरको यो स्थिति पञ्चायत भएको भए यो बन्थ्यो, शिशु मृत्युदर घटेको आजको स्थिति पञ्चायत भए यो बन्थ्यो ? अन्तर्राष्ट्रिय रुपमा अरुले गर्न नसकेको उपलब्धिहरु पनि हामीले गरेका छौँ । तर विषय के हो भने पूर्ण छैन, सन्तुष्ट हुनसक्ने स्थिति छैन ।'

उनले चालु खर्च घटाउन जरुरी रहेको र मितव्ययीता अपनाउन जरुरी रहेको बताए । २७५ को संसदको संख्या घटाएर २०१ मा झार्नुपर्ने आवश्यकता रहेको बताए । प्रदेश सभाको सांसद संख्या आधा घटाउनुपर्ने प्रस्ताव गरे । पालिकाको संख्या घटाएर वडाको संख्या बढाउनुपर्ने उनले बताए । संघीय मन्त्रीमण्डल २५ जनाबाट १५ जनमा झार्नुपर्ने बताए । प्रदेशको मन्त्रीमण्डल तीन सदस्यीय बनाउनुपर्ने बताए । राजनीतिक संरचना घटाइसकेपछि प्रशासनिक संरचना पनि घटाउन सकिने उनले बताए । मन्त्री पौडेलले शहीदहरुले रगत बगाएर ल्याएको गणतन्त्रमाथि प्रश्न गर्ने स्थिति नरहेको जिकिर गरे ।

# रचनात्मक पत्रकारितामा जोड दिन आवश्यक: अध्यक्ष बस्नेत

**काठमाडौं/मस-** प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले रचनात्मक पत्रकारिता काउन्सिलको प्राथमिकतामा रहेको बताएका छन् ।



शनिबार काठमाडौंमा भएको एसिया प्यासिफिक अप्टिमिस्टिक कन्फरेन्समा बोल्दै अध्यक्ष बस्नेतले नेपाली पत्रकारिताले अब रचनात्मक पत्रकारितामा जोड दिनुपर्ने बताए । त्यसका लागि काउन्सिलका तर्फबाट सहयोगी भूमिका रहने र काउन्सिलले प्रदान गर्ने तालिम प्रशिक्षणमा पनि रचनात्मक पत्रकारिताका विषयवस्तु समेटिने बस्नेतले बताए ।

'काउन्सिलले मिडिया हाउससँग सहकार्य गरेर यो विषय अघि बढाउनेछ, यसको निर्णय भइसकेको छ । त्यस्तै विश्वविद्यालयमा पाठ्यक्रममा समावेश गर्न अनुरोध गरेका छौं । यससम्बन्धी पाठ्यसामग्री तयार गर्ने तयारीमा पनि छौँ' उनले भने,'अहिले अनलाइन अभिमुखीकरण कार्यक्रममा समेत एउटा सेसनको रूपमा रचनात्मक पत्रकारिता समावेश गर्ने निर्णय भइ कार्यान्वयनको चरणमा रहेको छ ।' काउन्सिलले रचनात्मक पत्रकारिता पाठ्यक्रममा समावेश गर्न ८ महिनाअघि नै सबै विश्वविद्यालयलाई पत्राचार पनि गरिसकेको छ ।

कार्यक्रममा बागमती प्रदेश सञ्चार रजिस्ट्रार रेवती सापकोटाले सही, सत्य तथ्य सूचना सम्प्रेषण भएमामात्र कतिपय विषय समाधान हुने भन्दै पत्रकारिताको विकासको लागि विभिन्न पाठ्यसामग्री तयारी गरिएको बताए ।

नेपाल पत्रकार महासंघका उपाध्यक्ष उमिद बागचनले सन्तुलित सामग्री सम्प्रेषणमा थप ध्यान दिनुपर्ने भन्दै मिडियामा आएका सामग्रीले जनताको जीवनस्तर परिवर्तन भएको दृष्टान्त पेस गरे । यस्तै सञ्चारिका समूहका अध्यक्ष विमला तुम्खेवाले रचनात्मक पत्रकारिताबारे पत्रकारबीच घनिभूत छलफल चलाउनुपर्ने भन्दै सञ्चारिका समूह सहकार्य गर्न तयार रहेको धारणा राखेकी थिइन् ।

कार्यक्रममा रचनात्मक पत्रकारितामा अध्ययन अनुसन्धान गरिरहेका पत्रकार कला अनुरागीले आशा जगाउने अभियानको महत्त्वपूर्ण साधन मिडिया भएको उल्लेख गरे । खोजी गरेर कारण र समाधानका उपायसहितको समाचार लेख्नु नै रचनात्मक पत्रकारिता भएको भन्दै उनले विस्तृत, समीक्षात्मक, खोजमूलक पत्रकारिताले जनविश्वास समेत अभिवृद्धि गर्न सघाउने बताए । फुटेको ऐनाका टुक्रा बिजेको जस्तो नकारात्मकता बढी दिनेगरी पत्रकारिता भइरहेकोले समाधान केन्द्रित रचनात्मक पत्रकारिता गर्न अभियान छेड्नुपर्ने उनको भनाइ थियो ।

# सामुदायिक विद्यालयमा हुने शिक्षण सिकाइले गुणात्मक फड्को मार्नुपर्नेमा जोड

**काठमाडौं /मस-** दुधकोशी गाउकाठमाडौं/मस-थुलुङ दुधकोशी गाउँपालिका ३ पञ्चनस्थित श्री कालिकादेवी माध्यमिक विद्यालयका पूर्व विद्यार्थी भेटघाट तथा नयाँ वर्षको शुभकामना आदान-प्रदान र पूर्व विद्यार्थी समाज तदर्थ समिति गठन कार्यक्रम सम्पन्न भएको छ । काठमाडौं सुकेधारास्थित युनिभर्सल क्याफेमा थुलुङ दुधकोशी गाउँपालिकाका अध्यक्ष असिम राईको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मिनप्रसाद कोइरालाको अध्यक्षतामा भएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै पालिका अध्यक्ष राईले सामुदायिक विद्यालयमा हुने शिक्षण सिकाइ उपलब्धिमा गुणात्मक फड्को मार्नुपर्नेमा जोड दिएका थिए । उनले सामुदायिक विद्यालयको विकासका लागि स्थानीय सरकारले सहयोग गर्दै आएको बताउँदै आगामी दिनमा पनि निरन्तर सहयोग रहने प्रतिबद्धता जनाए । थुलुङ दुधकोशी गाउँपालिकालाई शिक्षण क्षेत्रमा जिल्लाकै उत्कृष्ट बनाउँदै देशभरमै प्रतिस्पर्धात्मक बनाउने लक्ष्य रहेको पनि उनले बताए ।





विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कोइरालाले गुणस्तर शिक्षाका निम्ति पूर्व विद्यार्थी समाजले शैक्षिक क्षेत्रमा आवश्यक सल्लाह दिँदै आफूले सकेको आर्थिक सहयोग संकलन गरी पूर्व विद्यार्थी समाजको एक अक्षयकोष स्थापना गर्ने बताए । सो अक्षयकोषको व्याजबाट विद्यालयमा शैक्षिक उन्नयनका लागि लगानी गरेर विद्यालयलाई देशभरमै उत्कृष्ट बनाउने बताए ।

सो अवसरमा वेदराज थापाको अध्यक्षतामा पूर्वविद्यार्थी समाजको तदर्थ समिति पनि गठन गरिएको छ । उक्त समितिको उपाध्यक्षमा कुबेर ढुंगाना, सचिवमा प्रवेश राई र कोषाध्यक्ष सावित्रा घिमिरे चयन भएका छन् । यो समितिको मुख्य उद्देश्य विद्यालयका लागि शैक्षिक, भौतिक र आर्थिक गतिविधिमा सहयोग पुऱ्याउने हो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक प्रकाश राईले कार्यक्रमका बारेमा प्रकाश पारेका थिए । कार्यक्रमलाई सफल पार्न योगदान पुऱ्याउने वडाध्यक्ष इन्द्रमणि दाहाल, वडा सदस्य टिकाध्वज राई, शिक्षक अभिभावक संघका अध्यक्ष केशवप्रसाद कोइरालासहित सम्पूर्णलाई विद्यालय व्यवस्थापन समिति अध्यक्ष कोइरालाले धन्यवाद ज्ञापन गरेका छन् ।

# बालाजु औद्योगिक क्षेत्रमा आगलागी

**काठमाडौं/मस-** काठमाडौंको बालाजु औद्योगिक क्षेत्रमा एक प्लास्टिक उद्योगमा भीषण आगलागी भएको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाको टोलीले आगालागीलाई नियन्त्रणमा लिएको छ ।



बालाजुस्थित एक प्लास्टिक उद्योगमा लागेको आगो सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका टोली तथा आठभन्दा बढी दमकलको प्रयासपछि नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । सुरुवाती चरणमा जुद्ध बारुण यन्त्रका तीनवटा दमकल प्रयोग गरिएको र पछि थप दमकलहरू परिचालन गरेर आगो नियन्त्रणमा लिइएको हो ।

आगलागीको कारण र क्षतिको विवरण भने आउन बाँकी छ ।


## भागेश्वर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बगरकोट, डडेल्धुरा**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८१/१२/३१**

यस कार्यालयबाट तपशिलमा उल्लेखित निर्माण कार्यका लागि मिति २०८१/११/२३ गते सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाअनुसार तोकिएको समय भित्र पेश हुन आएका बोलपत्रहरू मध्येबाट तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन २०६४ को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| S. N. | Contract Identification No. | Description Of Works | Bidder Name and Address | Bid Price (Excluding VAT & PS) (Nrs) |
|---|---|---|---|---|
| 1. | BRM/DAD/NCB / Works/2081-082/04 | Construction of Birthing Center Bhageshwor RM 01 Paniut | Parvati Nirman Sewa Bhageshwor 03 Dadeldhura | 3,915,670.55 |

**प्रमुख प्रशासकीय अधिकृत**


# जुम्ला प्रहरीले लिने निवेदन र जाहेरी दरखास्तको ढाँचा सार्वजनिक



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ३० चैत

जुम्ला प्रहरीले लिने निवेदन तथा जाहेरी दरखास्तको ढाँचा सार्वजनिक गरेको छ । प्रहरी नायब उपरीक्षक छेदीलाल कामतीले जिल्ला प्रहरी कार्यालयमा सेवा लिन आउने पीडित व्यक्तिहरूको सेवा सहजता ल्याउनका लागि निवेदन र जाहेरी दरखास्तको ढाँचा सार्वजनिक गरेका हुन् ।

उनका अनुसार यसअघि प्रहरीमा आउने सेवा ग्राहीले लेखन दासहरुसँग शुल्क तिरेर निवेदन लेख्नुपर्ने बाध्यता थियो । प्रहरी नायव उपरीक्षक कामतीका अनुसार निवेदन लेख्नका लागि कुनै शुल्क तिर्नुपर्ने अवस्था हुँदैन । यस कार्यले स्थानीय समुदायमा सकारात्मक प्रतिक्रिया ल्याएको छ, जसले गर्दा पीडित व्यक्तिहरूलाई प्रहरीबाट दिइने न्याय प्राप्त गर्न छिटो सजिलो हुनेछ । यसअघि प्रहरीले लिने निवेदन तथा जाहेरीको ढाँचा हुँदा कानुन व्यवसायीसँग लेखाउनुपर्ने बाध्यता थियो । जहाँ साक्षरता र कानुनी प्रक्रियाबारे जानकारीको अभावले गर्दा धेरैजसोले निवेदन लेखाउन अरूको सहायता लिँदा पैसा खर्च गर्नु परिरहेको थियो ।

यस समस्यालाई मध्येनजर गर्दै सेवाग्राहीका लागि जुम्ला प्रहरीले सबै प्रहरी चौकी तथा युनिटहरुमा प्रहरीले आफ्नै ढाँचामा तयार पारिएको निवेदनको फर्मेट र नमुना उपलब्ध गराउने भएको छ । शनिबार जिल्ला प्रहरी कार्यालय जुम्लाले पत्रकार भेटघाटमार्फत सार्वजनिक गरेको ढाँचामा सेवाग्राहीको पहुँच हुने र सबैले एउटै ढाँचामा निवेदन लेख्न सक्ने छन् भने यसले गर्दा निवेदन लेख्न अरूलाई पैसा तिर्न नपर्ने र दोस्रो व्यक्तिको सहयोग बिना सेवा पाउनेछन् ।

त्यस्तै डीएसपी कामतीले जाहेरी दरखास्तको ढाँचा सार्वजनिक गर्ने काम जनमैत्री प्रहरी प्रशासनतर्फको राम्रो महत्वपूर्ण रहेको बताए । यसले विशेषगरी ग्रामीण क्षेत्रका पीडितहरूलाई जाहेरी दिन सजिलो बनाउने उनको भनाइ छ । प्रहरीले आफुले सार्वजनिक गरेको निवेदन तथा जाहेरी दरखास्ताको ढाँचाले प्रहरीले दिने सेवाको प्रक्रिया पारदर्शी बन्ने र पीडितले आफूले भोगेको पीडा स्पष्ट रूपमा लेख्न सक्ने दाबी गरे ।

# माओवादी केन्द्र त्रिपुरासुन्दरीको दोश्रो नगर सम्मेलन सम्पन्न

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, ३० चैत

नेकपा (माओवादी केन्द्र) त्रिपुरासुन्दरी नगर कमिटीको दोस्रो नगर सम्मेलन शनिबार सम्पन्न भएको छ । त्रिपुरासुन्दरी नगरपालिका-१, त्रिपुराकोट बगरस्थित खेलमैदानमा भएको सम्मेलनले रञ्जित बुढाको अध्यक्षतामा ३९सदस्यीय नगर कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।





सम्मेलनमा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवं प्रतिनिधि सभा सदस्य माधव सापकोटाको प्रमुख आतिथ्यमा भएको हो । सांसद सापकोटाले त्रिपुरासुन्दरीमा एमालेको वर्चस्व तोड्नुपर्नेमा जोड दिए ।

सम्मेलनले अध्यक्ष बुढाका साथै उपाध्यक्षमा दीपेन्द्र चलाउने, टंक बोहोरा र रुद्रमान बुढा, कोषाध्यक्षमा कल्पना बस्नेत विक, सचिवमा पन्न नेवार, सह-सचिवमा चन्द्ररुप रावत र हर्क बहादुर विकलाई चयन गरेको छ । यसैगरी, सदस्यहरूमा विष्णु बहादुर बोहोरा, बम बहादुर विक, तिलक विक, बुद्धि बहादुर रावत, माया विक, शान्ति गुरुङ, चन्द्र केसी, हरिलाल केसी, सुरेन्द्र रावत, लोक बहादुर विक, धन बहादुर डाँगी, बाग बहादुर बम ठकुरी लगायत छन् ।

सम्मेलनमा माओवादी निकट वाइसियल, बुद्धिजीवी संगठन, राष्ट्रिय दलित मुक्ति मोर्चाको नगर कमिटी पनि गठन गरिएको छ ।

पूर्व नगरकमिटी अध्यक्ष मोती गौतम पारसका अनुसार नवगठित समिति २०८४ सालमा हुने स्थानीय निर्वाचनलाई लक्षित गरी गठन गरिएको हो ।


## गोल्चे मिडिया प्रा. लि. काठमाण्डौलाई खारेज गर्ने सम्बन्धमा लिक्वीडेटरको सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७४/०८/२८ मा दर्ता भएको प्रा. लि.नं. १७९८८२०७४।०७५ रहेको यस गोल्चे मिडिया प्रा. लि. का शेयरधनीहरूको मिति २०८१/१२/२९ मा सम्पन्न साधारण सभाको निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार कम्पनी खारेज (लिक्वीडेसन) मा लैजाने विशेष प्रस्ताव पारित भएकोले कम्पनी ऐन, २०६३ अर्न्तगत रहि कम्पनीको खारेजी (लिक्वीडेसन) प्रक्रिया शुरु गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवं कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीहरूलाई बाँडिने हुनाले तोकिएको म्याद भित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**लिक्वीडेटरको कार्यालय**
**नाम : अर्जुन कोइराला, ठेगाना : बुढानिलकण्ठ, काठमाडौं, सम्पर्क नम्बर ९८५१००३८९२**



## साउदीमा रोजगार
**कम्पनी**: HADAD A.ALMANEA AND PARTNERS TRADE CO FOR ELECTRIC APPLIANCES AND AIR CONDITION **शहर**: Riyadh
**पूर्व स्वीकृत मितिः २०८१/१२/२९** चलानी नं.: ६०२३५९७४ **L.T. No.: 321851**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light, Heavy Driver | 10 | 0 | स. काममा दक्ष | 2100 | ७७,४२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ७ गते (20 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np



## टेम्केमैयुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**अन्नपूर्ण, भोजपुर**
**कोशी प्रदेश, नेपाल**

### विद्युतिय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०८१/१२/३१)**

यस गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८१/११/२५ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार टेम्केमैयुङ गाउँपालिकाको विभिन्न वडाहरुमा निर्माण कार्यको विद्युतीय बोलपत्रमा निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिको मिति २०८१/१२/२९ गतेको निर्णय अनुसार निम्न बमोजिमको कार्यको लागि विद्युतीय बोलपत्र आह्वान भई तोकीएको म्याद भित्र दर्ता हुन आएका विद्युतीय बोलपत्रहरु मध्ये तपसिल बमोजिमको विद्युतीय बोलपत्रदाताको विद्युतीय बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै विद्युतीय बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको विद्युतीय बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट र PS Item समेत) |
|---|---|---|---|---|
| १ | 09/BHO/TRM/BLD/081/82 | Construction of Health Post Building at Temkemaiyung RM Ward No. 09 | उत्तम बुद्ध निर्माण सेवा, काठमाडौँ म.न.पा., वडा नं १० | ३२,९५,५५५।४० |
| २ | 10/BHO/TRM/BLD/081/82 | Construction of Basic Health Care Center Building at Temkemaiyung RM Ward No. 01 | उत्तम बुद्ध निर्माण सेवा, काठमाडौँ म.न.पा., वडा नं १० | ३०,३८,९२३।२४ |
| ३ | 11/BHO/TRM/LFS/081/82 | Construction of Dumping Site for Recycle, Reculture and Management of Solid Waste at Temkemaiyung RM Ward No. 03 | विदुर निर्माण सेवा प्रा.लि., टेम्केमैयुङ गा.पा., वडा नं ०१ | ५३,९२,४०४।९१ |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
३१ चैत २०८१ आइतबार
13 April 2025, Sunday

## २०८१ सालमा नेपाली फिल्म

# ६२ फिल्म प्रदर्शन, करिब २ अर्बको कारोबार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० चैत ।




नेपाली फिल्म क्षेत्रका लागि वर्ष २०८१ समग्रमा सुखद रहेको छ । यो वर्ष 'बक्स अफिस'को तथ्यांकअनुसार ६२ नेपाली फिल्म प्रदर्शन भए । यो वर्ष विदेशी ८४ फिल्म प्रदर्शन भए ।

यो वर्ष प्रदर्शन भएको फिल्म 'पूर्णबहादुरको सारङ्गी'ले घरेलु बजारमा ४६ करोड ८० लाख रुपैयाँको ग्रस कलेक्सन गऱ्यो । यो फिल्म इतिहासमा स्मरणयोग्य बन्यो । यो वर्षको अन्तिम फिल्मका रूपमा 'पितम्बर' र 'कर्मा' गत २९ चैतदेखि प्रदर्शन भइरहेका छन् । यो वर्ष नेपाली फिल्मका दर्शक उलेख्य रूपमा बढेको चलचित्र वितरक तथा प्रदर्शकहरूको छाता संस्था नेपाल चलचित्र संघका अध्यक्ष नरेन्द्र महर्जनले बताए ।

'यो वर्ष दसैं र तिहारमा प्रदर्शन भएका चलचित्रले दर्शकलाई चलचित्र भवनमा तान्न सफल भए । सपरिवार नै चलचित्र हेर्न आएका पाइयो । पारिवारिक चलचित्रले दर्शक बढाउन महत्त्वपूर्ण भूमिका खेलेको जस्तो लागेको छ । यस वर्षको सफलताले आउँदो वर्ष चलचित्र निर्माणमा वृद्धि हुने छ', अध्यक्ष महर्जनले भने । २०८२ सालको सुरुवाती दिन १ वैशाखमा समग्र फिल्मको व्यापार राम्रो हुने निर्देशक पुर्नेन्दु झाको बुझाइ छ । उनले आउँदो वर्ष नेपाली फिल्मका लागि महत्त्वपूर्ण भएको बताए । 'यो वर्ष प्राप्त सफलताले नयाँ र पुराना दुवै चलचित्रकर्मीको सक्रियता निर्माणमा बढेको छ । आउँदो वर्ष ती चलचित्रकर्मीले चलचित्र लिएर दर्शकसम्म आउनुहुने छ । नयाँ दर्शकलाई आकर्षित गर्न सके आउँदो वर्ष नेपाली चलचित्रले नयाँ सुरुवात गर्ने छ । यो वर्षको व्यावसायिक सफलतालाई नाघ्नु नै चुनौती देखिएको छ', निर्देशक झाले भने ।

आउँदो वर्ष २०८२ ले यस वर्ष बनेको बजारको आकार बढाउन सक्नुपर्नेमा यनले जोड दिए । २०८२ सालमा ८० हाराहारीमा फिल्म प्रदर्शन हुने अनुमान चलचित्रकर्मीले गरेका छन् ।

'बक्स अफिस'मा रहेको तथ्यांकअनुसार ५९ नेपाली फिल्मले कुल कमाइ १ अर्ब ८० करोड गरेका छन् ।

# पुष्पपरागले गऱ्यो दर्जन स्रष्टालाई सम्मान र पुरस्कार



**काठमाडौं/मस–** पुष्पपराग साहित्य प्रतिष्ठानले शनिबार १ दर्जन स्रष्टालाई सम्मानित र पुरस्कृत गरेको छ ।

काठमाडौंमा आयोजित कार्यक्रममा पुष्पपराग वर्ष साहित्य तथा सम्मान पुरस्कार धनमान श्रेष्ठलाई प्रदान गरेको छ भने लेखमाया खगेन्द्र स्मृति पुरस्कार रुद्र अधिकारीलाई, नीलगंगा भाषा साहित्य पुरस्कार डा. यज्ञेश्वर निरौलालाई, पद्मावती गीत-संगीत पुरस्कार सन्तोष श्रेष्ठलाई प्रदान गरेको छ ।

यसरी नै शुक्र मन्दिर लोक साहित्य पुरस्कार शीतल गिरीले पाएका छन् भने कृष्णलाल गोपिनी शिवाकोटी स्मृति पुरस्कार जुनु घिमिरेले, सफलता स्मृति पुरस्कार गौरी देवकोटाले, बी. के. स्मृति पुरस्कार डीआर राईले,. चेवनचन्द्र बस्नेत गद्य कविता पुरस्कार पदम दाहालले र बालकुमारी छन्द कविता पुरस्कार रत्ननिधि रेग्मी 'शुक्राचार्य'ले प्राप्त गरेका छन् । कार्यक्रममा पुष्पपराग मानार्थ सम्मान साहित्यकार डा. नवराज लम्साललाई प्रदान नगरिएको छ । पुरस्कार र सम्मान प्रमुख अतिथिका रूपमा आमन्त्रित कवि, गीतकार एसपी कोइरालाले वितरण गरेका संस्थाका महासचिव टीएन भट्टले जानकारी दिए ।

# फिल्म 'मातृभूमि' बन्ने



**काठमाडौं/मस–** फाल्गुनन्द लिङ्देन फिल्म्स् प्रा. लि.ले फिल्म 'मातृभूमि' निर्माण गर्ने भएको छ । फिल्ममा कविता राई लिङ्देन निर्माता छन् ।

दिनेश लिङ्देनको लेखन तथा निर्देशन रहने फिल्ममा सन्जीब थेबे, सोनिया शर्मा, भीमबहादुर मगर, लक्ष्मी योङहाङ, भरत मल्ल, राजकुमार लिङ्देन, सुमन थाम्सुहाङ, केशवराम राई, साङ्मु शेर्पा, रोहित रुम्बा, नरेशकुमार मेन्याङ्बो, चुङ्लामु शेर्पा, कुमबहादुर घर्ती, निस्मा जिमी, सूर्य सिम्खडा र शम्भु फोम्बोको अभिनय रहने छ ।

निर्देशक लिङ्देनले फिल्मको कथा नेपालका विभिन्न जातजाति, संस्कार, संस्कृतिमा आधारित रहने बताए । उनका अनुसार फिल्मको छायांकन काठमाडौं, नेपालका पूर्वी जिल्ला र केही भाग अमेरिकामा हुने छ ।नरेशकुमार मेन्याङ्बो प्रस्तुतकर्ता रहेको फिल्ममा भीमबहादुर मगर कार्यकारी निर्माता र वसन्त थेबे सहनिर्माता छन् ।

फिल्ममा पुण्य ओझा र बाबु तामाङको द्वन्द्व, जनक कार्कीको नृत्य, सम्राट कार्कीको छायांकन, दीपक तामाङको मुख्य सहायक निर्देशन र छेदा शेर्पाको प्राविधिक निर्देशन रहने छ । फिल्ममा दावा रिन्जिङ शेर्पाको निर्माण व्यवस्थापन, नवराज केसीको अन्तर्राष्ट्रिय व्यवस्थापन रहने छ ।

**UAE मा रोजगार** Global Emirates Services Co. LLC
पूर्व स्वीकृती मिति : २०८१/१२/२८ चलानी नं.: ६०२३५९७२ LT No. : 321872

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
